(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बूक

(क) नेपाली नोटको छपाइ तथा निष्काशन,

(ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बूक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,

(ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

८. जुटका उत्पादनहरु ।

९. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१०. ऊनी गलैंचा तथा गलैचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।

११. सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१२. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१३. भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिठ्ठा ।

द्रष्टव्य:

कर छूट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

अनुसूची-२
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)
सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :

वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-

(क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको, वा

(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :

(क) नेपाल अधिराज्यभित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल अधिराज्यभित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. कुटनैतिक सुबिधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।

५. औषधी उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

६. साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छूट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।"

"अनुसूची -१
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
कर छुट हुने वस्तु तथा सेवाहरु

आर्थिक अध्यादेश, २०६० (माघ)

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ख) दाउरा र गोल,

(ग) मट्टीतेल (हवाई इन्धन बाहेक),

(घ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौंरी, राँगा, बँदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस,

(छ) औषधि उद्योग आफैले पैठारी वा खरीद गरेको औषधि व्यवस्था विभागले तोकेको हदसम्मको औषधिको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालीमहरु,

(ग) विद्यालय तथा विश्व विद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकीय यातायात (केबुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)
   (क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,
   (ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,
   (ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बुक
   (क) नेपाली नोटको छपाई तथा निष्काशन,
   (ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,
   (ग) चेक बुक ।

४. सुन, चाँदी
   (क) सुन, सुनका सिक्का र सुनका गहना,
   (ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

८. बैकल्पिक उर्जा केन्द्रको सिफारिशमा बायो ग्याँस, सौर्य शक्ति र बायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

१०. जुटका उत्पादनहरु ।

११. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१२. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

१३. सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१४. सूति धागो ।

१५. स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१७. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१८. कपडा तथा सलाई (काठको काँटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्रु (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर नेपाल सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ ।

तर शत प्रतिशत स्वदेशी फलामको पत्रु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफुले उठाएको कर रकमको ५० प्रतिशतमात्र फिर्ता गरिनेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक)।

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा।

द्रष्टव्य :

कर छुट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ।

अनुसूची-२
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)
सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :
वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-
(क) नेपाल अधिराज्य बाहिर निर्यात गरेको, वा
(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा
(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :
(क) नेपाल अधिराज्यभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,
(ख) नेपाल अधिराज्यभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति।

४. कुटनैतिक सुबिधा प्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु।

५. औषधि उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ।

६. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिशमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ।"

"अनुसूची-१
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
कर छुट हुने वस्तु तथा सेवाहरु

आर्थिक अध्यादेश, २०५९(श्रावण)

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ , मकै, जौ, कोदो , फापर , दलहन , दाल , पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत)।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन बाहेक),

(ङ) नून।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक)।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपांग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकीय यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरुण (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बूक

(क) नेपाली नोटको छपाइ तथा निष्काशन,

(ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बूक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,

(ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।
७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।
८. वैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।
९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।
१०. जुटका उत्पादनहरु ।
११. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।
१२. ऊनी गलैंचा तथा गलैचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।
१३. सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।
१४. सूति धागो ।
१५. स्वदेशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।
१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।
१७. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।
१८. कपडा तथा सलाई (काठको कांटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्रु (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर नेपाल सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ ।
तर शत प्रतिशत स्वदेशी फलामको पत्रु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफुले उठाएको कर रकमको ५० प्रतिशतमात्र फिर्ता गरिनेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिठ्ठा ।

द्रष्टव्य:

कर छूट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

अनुसूची-२
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)
सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।
२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु : वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-
   (क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको, वा
   (ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा
   (ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।
३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :
   (क) नेपाल अधिराज्यभित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,
   (ख) नेपाल अधिराज्यभित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।
४. कुटनैतिक सुविधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।
५. औषधी उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।
६. साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छूट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

"अनुसूची -१
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
कर छुट हुने वस्तु तथा सेवाहरु

आर्थिक अध्यादेश, २०५९(माघ)

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ , मकै, जौ, कोदो , फापर , दलहन , दाल , पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन बाहेक),

(ङ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैसी, बाख्री र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपांग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकीय यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बूक

(क) नेपाली नोटको छपाइ तथा निष्काशन,

(ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बूक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,

(ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

८. वैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

१०. जुटका उत्पादनहरु ।

११. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१२. ऊनी गलैंचा तथा गलैचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।

१३. सूतिको साडी, लुङ्गी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१४. सूति धागो ।

१५. स्वदेशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१७. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१८. कपडा तथा सलाई (काठको कांटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्रु (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर नेपाल सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ ।

तर शत प्रतिशत स्वदेशी फलामको पत्रु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफुले उठाएको कर रकमको ५० प्रतिशतमात्र फिर्ता गरिनेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिठ्ठा ।

द्रष्टव्य:

कर छूट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

अनुसूची-२
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)
सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :

वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-

(क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको, वा

(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :

(क) नेपाल अधिराज्यभित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल अधिराज्यभित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. कुटनैतिक सुविधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।

५. औषधी उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

६. साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छूट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

"अनुसूची -१
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
कर छुट हुने वस्तु तथा सेवाहरु

आर्थिक ऐन, २०५८

४१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनूसुची–१ को सट्टा देहायको अनूसुची–१ कायम गरिएको छ :

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल , गहूँ , मकै, जौ, कोदो , फापर , दलहन , दाल , पिठो, सुजी, ग्रिट्स , चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल , ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा र त्यसबाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन बाहेक),

(ङ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिड. गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ (ingredient) मात्र ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपांग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु :

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकिय यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र)
   (क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,
   (ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,
   (ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बूक
   (क) नेपाली नोटको छपाइ तथा निष्काशन,
   (ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,
   (ग) चेक बूक ।

४. सुन, चाँदी
   (क) सुन, सुनका सिक्का र सुनका गहना,
   (ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

८. वैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

१०. जुटका उत्पादनहरु ।

११. भंसार दरवन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशत सम्म भन्सार महसूल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१२. ऊनी गलैंचा तथा गलैचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।

१३. आलमोनियम, तामा, पित्तलको स्क्रेप, ढिक्का, सर्कल र पाता तथा तयारी भाडाकुडाहरु ।

१४. सूतिको साडी, लुङगी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१५. सूति धागो ।

१६. स्देशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१७. श्री ५ को सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने बस्तुहरु ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिठ्ठा ।

कर छूट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

अनुसूची-२
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)
सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

४२. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ कायम गरिएको छ :

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :
बस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-
(क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको वा,
(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा,
(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :
(क) नेपाल अधिराज्य भित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,
(ख) नेपाल अधिराज्य भित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. कुटनैतिक सुबिधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।

अनुसूची–४
मूल्य अभिबृद्धि कर दरवन्दी
आ.व.०५५।५६

१. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) को कारोवार अंक रू.१० लाखको सट्टा रू. ३० लाख गरिएको छ । एउटै ब्यक्तिको नाममा जतिसुकै फर्म वा कारोवार जुनसुकै निकायमा दर्ता भए पनि मूल्य अभिबृद्धि करको प्रयोजनको लागि कर अधिकृतले सवै कारोवारको अंकलाई एउटै कारोवारको अंक मानी कर निर्धारण गरी असूल उपर गर्न सकिनेछ ।

३. आ.व.२०५५।०५६ मा नेपाल सरकारले तोकिदिएको दुर्गम पहाडी जिल्लाहरूमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५६ लागू हुने छैन । उक्त नियमको रू.१०,०००।–को सट्टा रू.२५,०००।–गरिएको छ ।

४. मूल्य अभिबृद्धि कर नियमावलीको नियम ६(१) को प्रतिवन्धात्मक वाक्यांशको ठाउँमा "तर नेपाल अधिराज्यभित्र घरेलु उद्योगले स्वप्रयोजनका लागि आफै आयात गर्ने देखि वाहेक कुनै पनि फर्म, कम्पनी वा उद्योगले मूल्य अभिबृद्धि करमा दर्ता नगरी ब्यापारिक प्रंयोगका लागि आयात गर्न पाउने छैन" भनी राखिएको छ ।

५. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको ब्यक्तिगत प्रयोजनका वस्तुहरूमा मात्र मूल्य अभिबृद्धि कर असूल गरिने छैन ।

६. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको पैठारीकर्ताले सोही सूचनामा तोकिएको शर्तका अधिनमा रही मूल्य अभिबृद्धि कर वरावरको रकमको बैंक ग्यारेण्टी दिई पैठारी गर्न पाउने ब्यवस्थागर्न सक्नेछ ।

७. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि ब्याजको दर १५% हुनेछ । ब्याज माथि ब्याज असूल गरिने छैन ।

८. मूल्य अभिबृद्धि कर असूली वा फिर्ता गर्दा एक रूपैयाँ भन्दा घटी भएको रकमलाई हिसाव गणना गरिने छैन ।

९. मूल्य अभिबृद्धि कर विभागको करदाता दर्ता, ठूला करदाता सेवा, कर फिर्ता, कर संकलन र कर परीक्षण जाँच सम्वन्धी शाखाहरूका निर्देशक तथा शाखा अधिकृतहरूलाई कर अधिकृत तोकिएको छ ।

१०. मूल्य अभिबृद्धि कर लागू हुनुभन्दा अघि सम्झौता वा ठेक्का वन्दोवस्त भैसकेकोमा ठेक्काकर ऐन, २०२३ वमोजिम नै हुनेछ । तर ठेकेदारले मूल्य अभिबृद्धि कर ऐन अनुसार त्यस्तो कारोवारको लेखा राखी कर तिर्न चाहेमा सो अनुसार गर्न दिइनेछ ।

११. विक्री मूल्यमा दिएको असमान छुट वा न्यून विजकीकरण गर्नुपर्ने औचित्य प्रमाणित गर्न नसक्ने विक्रीको हकमा मूल्य अभिबृद्धि कर ऐनको दफा १३ अनुसार कर अधिकृतले कर निर्धारण गरी लाग्ने करको शत प्रतिशत रकम विक्रेताबाट जरिवाना सरह असूल गर्न सक्नेछ ।

१२. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २९(१) को खण्ड (ङ) को सट्टा कर विवरण ढिला बुझाएमा लाग्ने करको ०.१% का दरले जरिवाना लगाई असूल उपर गरिनेछ ।

१३. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २६(२) र दफा २९(१) अनुसार आ.व.२०५४।०५५ मा लागेको ब्याज र जरिवाना करदाताले कर विवरण र विवरण अनुसार दाखिला गर्नुपर्ने कर र दफा १९ अनुसारको दस्तुर बुझाएमा मिन्हा दिइनेछ ।

१४. क्यास मेशिन प्रयोग गरी विजक जारी गर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताहरूको हकमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ को उपनियम (६) को रू.५००।–को हद वन्देज लागू हुने छैन ।

१५. मूल्य अभिबृद्धि करमा दर्ता हुने करदाताहरूसंग मौज्दातमा रहेका तर पहिले करकट्टी सुविधा नलिएका सामानहरू मध्ये कर विभागबाट मान्यता दिएको हदसम्म मूल्य अभिबृद्धि कर अन्तर्गत विशेष ब्यवस्था मिलाई त्यस्तो मौज्दात सामानको सम्वन्धित करदाताले घोषणा गरेको मूल्यको १० प्रतिशत त्यस्तो मौज्दात सामानमा पहिले कर तिरेको मानी उक्त कर रकमको ७५ प्रतिशत कर कट्टी सुविधा प्रदान गरी २५ प्रतिशत मात्र कर असूली गरिनेछ । त्यस्तो कर कट्टी सुविधा सो सामान विक्री गरेपछि विक्री गरेको हदसम्म मात्र प्रदान गरिनेछ ।

१६. कोल्याटर अन्तर्गत बैंक वा वित्तिय संस्थाको नाममा पैठारी वा खरिद गरिएको मेशिनरी आदि पूँजीगत सामान विभागको स्वीकृत भएमा सम्वन्धित उद्योग, कम्पनी आदिले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा लागेको मूल्य अभिबृद्धि कर सम्वन्धित उद्योग वा कम्पनीलाई कट्टी गर्न दिइनेछ ।

१७. फर्म कम्पनी वा उद्योगको रूपमा कारोवार गर्दा आफ्नै नाम, ठेगाना र सिलसिलेवार नम्वर सहितको विजक अनिवार्य रूपले जारी गर्नु पर्नेछ । मूल्य अभिबृद्धि करको प्रयोजनको लागि कर प्रशासनले आवश्यक देखेमा महानिर्देशकको स्वीकृती लिएर दर्ता नभएका विक्रेता वा आपूर्तिकर्ताको लेखा जाँच्न सक्नेछ र अभिलेख राखेको नपाइएमा मूल्य अभिबृद्धि कर ऐनको दफा २९(१) को खण्ड च अनुसार जरिवाना गरी असूल उपर गर्न सक्नेछ ।

१८. काठको काममा लिलामी भएको, छोड पूर्जि पाएको वा चिरान आदेश पाएको समय मध्ये जुन पहिले हुन्छ सो समयमा सम्वन्धित निकायहरूले मूल्य अभिबृद्धि कर सोझै वैंकमा भौचर भराई असूल गर्नुपर्नेछ । मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरूले त्यसरी कर तिरेको रकम आफ्नो विक्रीबाट संकलन गरेको करमा कट्टी गर्न पाउने छन् ।

१९. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–१ मा देहाय वमोजिम हेरफेर गरिएकोछः

(क) समूह २ को खण्ड (क) हटाइएको छ ।

(ख) समूह ४ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) मा थपिएको छः

"(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य विष, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ्ग सेट र सो को ३० मिटर सम्मको होज पाइप ।"

(ग) समूह ५ को खण्ड (घ) मा भ्याक्सिन थपिएको छ ।

(घ) समूह ७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) थपिएको छ ।
"(ङ)खण्ड (क) देखि (ग) सम्मका वस्तुहरूको मुद्रण र प्रकाशन "

(ङ) समूह ८ को खण्ड (घ) हटाइएको छ ।

(च) समूह ११ को खण्ड दफा ७ पछि देहायको दफा ८ देखि १८ सम्म थपिएको छः
८. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री

९. बैकल्पिक ऊर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायू शक्तिबाट उर्जा उत्पादन गर्ने प्लाण्ट र तिनका मूख्य पार्टपूर्जा

१०. हवाइजहाज, हेलिकप्टर, दमकल र एम्वुलेन्स

११. स्वदेशभित्र प्रयोग भैसकेका शत प्रतिशत फलामको स्काप, झुत्रो प्लाष्टिक र कागज प्रयोग गरी देशभित्र उत्पादन भएका वस्तुहरू

१२. सुती कपडा

१३. जुटका उत्पादनहरू

१४. पशु पंक्षीको दाना

१५. भाग ८४ को औद्योगिक मेशिनरी

१६. कुखुराले पानी पिउने भांडो, कुखुराको चल्ला राख्ने वाकस र अण्डा राख्ने क्रेट

१७. गलैंचाको ऊनी धागो कताइ, रङ्गाइ र धुलाइ

१८. फिड सप्लिमेन्ट

२०. साविक विक्रीकरको सम्पूर्ण बक्यौता रकम कार्तिक मसान्तसम्म चुक्ता गर्ने विक्रेतालाई लागेको जरिवाना मिन्हा दिइने छ ।

अनुसूची–४
मूल्य अभिबृद्धि कर दरवन्दी
आ.व.०५६।०५७

१. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को कारोवार अंक १० लाखको सट्टा रू.२० लाख कायम गरिएको छ । तर आपूर्तिकर्ताले खरिद, विक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा मूल्य अभिबृद्धि करको प्रयोजनको लागि कर अधिकृतले सबै आपूर्ति अंकलाई एउटै कारोवार सिमा मानी कर निर्धारण गरी असूल उपर गर्न सक्नेछ । साथै मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सबै विक्रेताले आफ्नो कर्म/कम्पनीको नाम र सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्नेछ ।

३. करयोग्य कारोवारमा संलग्न रहेको व्यक्तिले मिति २०५६ श्रावण मसान्त सम्म मूल्य अभिबृद्धि करमा दर्ता भई कारोवार गरेमा निजलाई ऐन अनुसार लाग्ने जरिवाना गरिने छैन ।

४. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५६ को रू.१०,०००।–को सट्टा रू.२५,०००।– गरिएको छ, तर नेपाल सरकारले तोकि दिएको दुर्गम पहाडी जिल्लाहरूमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५६ लागु हुने छैन ।

५. मूल्य अभिबृद्धि कर नियमावलीको नियम ६(१) को प्रतिवन्धात्मक वाक्यांशको ठाउंमा "तर नेपाल अभिराज्य भित्र घरेलु उद्योगले स्व:प्रयोजनका लागि आफै आयात गर्ने देखि वाहेक कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले मूल्य अभिबृद्धि करमा दर्ता नगरी एक पटकमा कर लाग्ने वस्तु रू.१० हजार सम्म र वर्ष भरीमा रू.२ लाख सम्मको कर योग्य वस्तु पैठारी गर्न पाउने छ ।" भनी राखिएको छ ।

६. मूल्य अभिबृद्धि करमा दर्ता हुने करदाताहरूसंग मौज्दातमा रहेका तर पहिले कर कट्टी सुविधा नलिएका सामानहरू मध्ये कर कट्टी सुविधा प्रदान गर्न ती सामानहरूमा आयकर तिरेको प्रमाणित हुने कागजात पेश गरेमा त्यस्तो मौज्दात सामानको सम्वन्धित करदाताले घोषणा गरेको मूल्यको १० प्रतिशत त्यस्तो मौज्दात सामानमा पहिले कर तिरेको मानी उक्त कर रकमको ७५ प्रतिशत कर कट्टी सुविधा प्रदान गरी २५ प्रतिशत मात्र कर असूली गरिनेछ । यस्तो कर कट्टी सुविधा यो सामान विक्री गरेपछि विक्री गरेको हदसम्म मात्र प्रदान गरिनेछ ।

७. क्यास मेशिन प्रयोग गरी विजक जारी गर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताको हकमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ को उपनियम (६) को रू.५००।–को हद वन्देज लागू हुने छैन । अन्य खुद्रा विक्रेताको लागि विभागले स्वीकृती दिएमा रू.५ हजारसम्मको एउटा संक्षिप्त विजक जारी गर्न सकिनेछ ।

८. भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा मात्र मूल्य अभिबृद्धि कर असूल गर्ने छैन ।

९. कोल्याटरल अन्तर्गत बैंक वा वित्तिय संस्थाको नाममा पैठारी वा खरिद गरिएको मेशिनरी आदि पूँजीगत सामान विभागको स्वीकृत भएमा सम्वन्धित उद्योग, कम्पनी आदिले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा लागेको मूल्य अभिबृद्धि कर सम्वन्धित उद्योग वा कम्पनीलाई कट्टी गर्न दिइनेछ ।

१०. काठको कारोवारमा लिलामी भएको, छोड पूर्जी पाएको वा चिरान आदेश पाएको समय मध्ये जुन पहिले हुन्छ सो समयमा सम्वन्धित निकायहरूले मूल्य अभिबृद्धि कर सोझै बैंक भौचर भराइ असूल गर्नुपर्नेछ । मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरूले त्यसरी कर तिरेको रकम आफ्नो विक्रेताबाट संकलन गरेको करमा कट्टी गर्न पाउने छन् ।

११. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि ब्याजको दर १५ प्रतिशत हुनेछ । जरिवाना, थप दस्तुर र ब्याजमाथि ब्याज असूल गरिने छैन ।

१२. मूल्य अभिबृद्धि कर असूली वा फिर्ता गर्दा एक रूपैयाँ भन्दा घटी भएको रकमलाई हिसावमा गणना गरिने छैन ।

१३. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १३(३) को प्रयोजनको लागि विक्री मूल्यमा दिएको असमान छुट वा न्यून विजकीकरणको औचित्य प्रमाणित नहुने विक्रीको हकमा महानिर्देशकले वस्तु वा सेवा आपूर्ति गर्दा हुन सक्ने कूल लागतलाई मूल्य अभिबृद्धिको रूपमा गणना गरी बजार मूल्य निर्धारण गर्न सक्नेछ ।

१४. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २९(१) को खण्ड (ङ) को सट्टा कर विवरण ढिला बुझाएमा लाग्ने करको ०.०५% वा प्रति कर अवधि रू.५००।–मध्ये जुन बढी हुन्छ सोही बमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ । साविकमा कर विवरण र कर रकम दाखिला गर्न बाँकी तथा विवरण बुझाई जरिवाना मात्र बाँकी रहने करदाताले २०५६ आश्विन २५ गते सम्म कर विवरण सहित कर बुझाएमा यो सुविधा प्रदान गरी बक्यौतामा बुझाउनु पर्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा गरिनेछ । साथै २०५६ आश्विन २५ गते सम्म तिर्नुपर्ने कर भुक्तानी गर्ने करदातालाई अन्य कसूर वापत लागेको जरिवानाको ५० प्रतिशत र थप दस्तुर र ब्याजको पुरै रकम मिन्हा दिइनेछ । यस किसिमको मिन्हा बुझाई सकेको रकमको हकमा पनि आकर्षित हुनेछ ।

१५. कुनै करको भुक्तानी गुड फर पेमेण्ट चेकबाट म्याद भित्र दाखिला गरेमा कर भुक्तानी सरह मानिने छ । साविकमा यसरी दाखिला भएको चेकहरू ढिलो संकलन भए वापत लागेको जरिवाना, थप दस्तुर र ब्याज मिन्हा दिइनेछ ।

१६. कुनै करदाताको ऐनको दफा २० बमोजिम कर निर्धारण गर्दा सो कर अवधिमा निजसँग असूल गर्नुपर्ने कर भन्दा निजले फिर्ता पाउन सक्ने कर बढी भएको पाइएमा निजको सो अवधिको कर निर्धारण गर्दा थप दस्तुर र ब्याज असूल गरिने छैन ।

१७. ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (छ) को सट्टा देहायको खण्ड (क), (ख), (ग) र (छ) राखिएको छ ।

खण्ड (क) दफा १० को उपदफा (२), (५), (६) वा (७) उलंघन गरेमा लाग्ने कर र रू.१० हजार सम्म वा कर असूल गर्नु पर्ने कर अवधि देखि कर रकमको वार्षिक १० प्रतिशत जरिवाना मध्ये जुन बढी हुन्छ,

खण्ड (ख) दफा १४ उलंघन गरेमा रू.५,०००।–सम्म जरिवाना र दफा १५ उलंघन गरेमा उठाएको कर र सतप्रतिशत जरिवाना,

खण्ड (ग) दफा १६ को उपदफा (१) बमोजिम कारोवारको लेखा अध्यावधिक नराखेमा रू.१० हजारसम्म र कारोवारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार वा कर असूल गर्नु पर्ने कर अवधि देखिएको रकमको वार्षिक १० प्रतिशत सम्म जरिवाना मध्ये जुन बढी हुन्छ,

खण्ड (छ) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम उलंघन गरेमा पटकै पिच्छे रू.५००।–रूपैयाँ जरिवाना गरिनेछ" भनि थप गरिएको छ ।

१८. ऐनको दफा २९ को उपदफा (२) को "कर विगो दोब्बर रकमसम्म" भन्ने शब्दहरूको सट्टा "कर विगोको शतप्रतिशतसम्म" भन्ने शब्दहरू राखिएको छ ।

१९. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–१ मा देहाय वमोजिम हेरफेर गरिएको छः
(क) समूह १ को जडिबुटि (तिर्नको सार समेत) ।

(ख) समूह २ को खण्ड (क) को सट्टा अप्रशोधित तोरीको तेल ।

(ग) समूह ३ को ताजा दुध (पाश्चाराइज्ड) र दही ।

(घ) समूह ४ को खण्ड घ पछि देहायको खण्ड (ङ), (च) र (छ) थपिएकोछः
"(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य विष, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ्ग सेट र सो को ३० मिटर सम्मको होज पाइप ।

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाक्स र अण्डा राख्ने क्रेट ।

(छ) पशु पंक्षीको दाना ।"

(ङ) समूह ५ को खण्ड (घ) मा "भ्याक्सिन" थपिएको छ ।

(च) समूह ७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः
"(ङ) खण्ड (क) देखि (ग) सम्मका वस्तुहरूको मुद्रण र प्रकाशन"

(छ) समूह ८ को खण्ड (घ) हटाइएको छ ।

(ज) समूह ९ को सट्टा हवाईयात्रा, गैर पर्यटकिय यात्रु वाहक यातायात (केवुल कार वाहेक) तथा ढुवानी सेवाहरू (आपूर्तिसंग सम्वन्धित ढुवानी वाहेक) ।

(झ) समूह ११ को खण्ड दफा ७ पछि देहायको दफा ८ देखि २० सम्म थपिएको छः

(८) ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

(९) बैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सवै संयन्त्र तथा उपकरणहरू ।

(१०) हवाईजहाज, हेलीकप्टर, दमकल र एम्वुलेन्स ।

(११) शत प्रतिशत स्वदेशी, फलामको स्क्राप, झुत्रो प्लाष्टिकको ग्रानुअल्स र झुवा कागज प्रयोग गरी देशभित्र उत्पादित वस्तुको उत्पादन तहसम्म ।

(१२) जुटका उत्पादनहरू ।

(१३) भाग ८४ को औद्योगिक मेशिनरी ।

(१४) ऊनी गलैचा तथा गलैंचाको ऊनी धागो कताइ, रङ्गाइ, धुलाइ र बुनाई ।

(१५) आल्मुनियम, तामा, पितलको स्क्रेप, ढिक्का, सर्कल र पाता ।

(१६) सुनको गहना ।

(१७) सुतिको साडी, लुङ्गी, गाम्छा, धोती (मर्दाना/जनाना), पेटानी ।

(१८) सुति धागो ।

(१९) हातले बुनिने स्वीटरमा प्रयोग हुने उनी धागो (कृतिम र एक्रेलिक वाहेक)

(२०) अर्थ मन्त्रालयबाट स्वीकृत भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

कर छुट गरिएका वस्तु तथा सेवाहरूको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

२०. नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित गरी तोकिदिएको पैठारीकर्ताले सोही सूचनामा तोकिएको शर्तका अधिनमा रही मूल्य अभिबृद्धि कर वरावरको रकमको बैंक ग्यारेन्टी दिई पैठारी गर्न पाउने व्यवस्था गर्न सक्नेछ ।

२१. मूल्य अभिबृद्धि कर विभागको महानिर्देशकलाई मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५० प्रयोग गर्न पाउने गरी तोकिएको छ । साथै उक्त विभागको करदाता दर्ता, ठूला करदाता सेवा, कर फिर्ता, कर संकलन र कर परीक्षण जाँच सम्वन्धी शाखाहरूका निर्देशक तथा शाखा अधिकृतहरूलाई कर अधिकृत तोकिएको छ ।

२२. मूल्य अभिबृद्धि कर लागू हुनभन्दाअघि सम्झौता वा ठेक्का वन्दोवस्त भैसकेकोमा ठेक्काकर ऐन, २०२३ बमोजिम नै हुनेछ । साविकको सन्धि वा सम्झौतामा पैठारी गर्दा विक्रीकर छुट प्रदान गरिएको भए सम्वन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता वहाल रहेसम्म सो सरहको सुविधा मूल्य अभिबृद्धि करमा दर्ता भएका करदातासंग स्थानीय खरिद गरेमा पनि प्रदान गरिनेछ ।

२३. महानिर्देशकले प्रमाणित गरिदिएको करदाता सम्वन्धी कम्प्यूटरबाट प्रशोधित कुनै पनि अभिलेख प्रमाणको रूपमा ग्रह्य हुनेछ ।

२४. कपडा तथा सलाई (काठको काटि मात्र) उद्योगहरूले आफ्नो मूल्य अभिबृद्धिमा उठाएको कर नेपाल सरकारले तोके वमोजिम ती उद्योगहरूलाई फिर्ता गरिनेछ ।

२५. औषधि उद्योगहरूले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

२६. नेपाल राजपत्र खण्ड ४८ मिति २०५५।०८।०७ अतिरिक्तांक ५२क मा प्रकाशित मूल्य अभिबृद्धि कर (पहिलो संशोधन) नियमावली, २०५५ खारेज गरिएको छ ।

अनुसूची–४
मूल्य अभिबृद्धि कर दरवन्दी
आ.व.२०५७।०५८

१. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को करोवार अंक १० लाखको सट्टा रू.२० लाख कायम गरिएको छ । तर आपूर्तिकर्ताले खरिद, विक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा मूल्य अभिबृद्धि करको प्रयोजनको लागि कर अधिकृतले सवै आपूर्ति अंकलाई एउटै कारोवार सिमा मानी कर निर्धारण गरी असूल उपर गर्न सक्नेछ । साथै मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो कर्म/कम्पनीको नाम र सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्नेछ ।

३. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५६ को रू.१०,०००।–को सट्टा ठेक्कातर्फ रू.२० लाख र खरिद तर्फ रू.३५ हजार गरिएको छ ।

४. मूल्य अभिबृद्धि कर नियमावलीको नियम ६(१) को प्रतिवन्धात्मक वाक्यांशको ठाउंमा "तर नेपाल अभिराज्य भित्र घरेलु उद्योगले स्व:प्रयोजनका लागि आफै आयात गर्ने देखि वाहेक कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले मूल्य अभिबृद्धि करमा दर्ता नगरी एक पटकमा कर लाग्ने वस्तु रू.१० हजार सम्म र वर्ष भरीमा रू.२ लाख सम्मको कर योग्य वस्तु पैठारी गर्न पाउने छ ।" भनी राखिएको छ ।

५. मूल्य अभिबृद्धि करमा दर्ता नभएका करदाताले २०५७ आषाढ मसान्तसम्म स्वयं दर्ता भएमा निजलाई दर्ता नभए वापतको जरिवाना लाग्ने छैन ।

६. एक पटकमा रू.१० हजार भन्दा बढी मूल्य पर्ने कर लाग्ने वस्तुको स्टक ट्रान्सफर गर्दा वा वेदर्तावाललाई विक्री गरी ओसार पसार गर्दा कर अधिकृतको निस्सा भएको विजक मार्फत मात्र गर्नु पर्नेछ । यस्तो निस्सा करदाता दर्ता भएको कार्यालयबाट उपलब्ध गराइनेछ । दर्तावाला करदाताहरू वीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन ।

७. क्यास मेशिन वा कम्प्यूटर प्रयोग गरी सिलसिलेवार नम्वरको विजक जारी गर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताहरूको हकमा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८ को उपनियम (६) को रू.५००।–को हद वन्देज लागू हुने छैन । अन्य खुद्रा विक्रेताको लागि कर अधिकृतको पूर्व स्वीकृत लिई रू.५ हजारसम्मको संक्षिप्त विजक जारी गर्न पाइने छ ।

८. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा मात्र मूल्य अभिबृद्धि कर असूल गरिने छैन ।

९. कोल्याटरल अन्तर्गत बैंक वा वित्तिय संस्थाको नाममा पैठारी वा खरिद गरिएको मेशिनरी आदि पूँजीगत सामान विभागको स्वीकृत भएमा सम्वन्धित उद्योग, कम्पनी आदिले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा लागेको मूल्य अभिबृद्धि कर सम्वन्धित उद्योग वा कम्पनीलाई कट्टी गर्न दिइनेछ ।

१०. काठको कारोवार जो सुकैले गरेमा लिलामी भएको, छोड पूर्जि पाएको वा चिरान आदेश पाएको समय मध्ये जुन पहिले हुन्छ सो समयमा रोयल्टी मूल्यमा शत प्रतिशत थप गरी सो मूल्यमा मूल्य अभिबृद्धि कर सोझै बैंकमा भौचर भराई सम्वन्धित निकायहरूले असूल गर्नुपर्नेछ । मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरूले त्यसरी कर तिरेको रकम आफ्नो विक्रीबाट संकलन गरेको करमा कट्टी गर्न पाउने छन् ।

११. मूल्य अभिबृद्धि कर असूली वा फिर्ता गर्दा एक रूपैयाँ भन्दा घटी भएको रकमलाई हिसावमा गणना गरिने छैन ।

१२. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १३(१) को सट्टा "कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको बजार मूल्यको निर्धारण असम्वन्धित व्यक्तिहरूका वीच स्वतन्त्ररूपले आपूर्ति भएको त्यस्तै किसिमको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ" भनी संशोधन गरिएको छ । साथै करदाताले खरिद खातामा देखाएको साविकको क्रेडिट वरावरको मौज्दात कर अधिकृतले छानविन गर्दा करदाताले देखाउन नसकेमा त्यसरी देखाउन नसकेको हदसम्मको क्रेडिट मान्य हुने छैन ।

१३. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि ब्याज दर १५ प्रतिशत हुनेछ । जरिवाना, थप दस्तुर र ब्याजमाथि ब्याज असूल गरिने छैन ।

१४. कुनै करको भुक्तानी गुड फर पेमेण्ट चेकबाट म्याद भित्र दाखिला गरेमा कर भुक्तानी सरह मानिने छ ।

१५. कुनै करदाताको ऐनको दफा २० बमोजिम कर निर्धारण गर्दा सो कर अवधिमा निजसँग असूल गर्नुपर्ने कर भन्दा निजले फिर्ता पाउन सक्ने कर बढी भएको पाइएमा निजको सो अवधिको कर निर्धारण गर्दा थप दस्तुर र ब्याज असूल गरिने छैन ।

१६. ऐनको दफा २९ मा संशोधनः ऐनको दफा २९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

(१) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा कर अधिकृतले देहाय वमोजिम जरिवाना गर्न सक्ने छः

(क) दफा १० को उपदफा (१) र (२) उलंघन गरेमा प्रत्येक कर अवधिको निमित्त लाग्ने कर र १० हजार रूपैयाँ,

(ख) दफा १० को उपदफा (५), (६) र (७) उलंघन गरेमा पटकै पिच्छे १ हजार रूपैयाँ,

(ग) दफा १४ उलंघन गरेमा लाग्ने कर र २ हजार रूपैयाँ,

(घ) दफा १५ उलंघन गरेमा उठाएको कर र सो को सत प्रतिशत रकम,

(ङ) दफा १६ को दफा (१) बमोजिम कारोवारको लेखा अध्यावधिक नराखेमा १० हजार रूपैयाँ र कारोवारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रूपैयाँ,

(च) दफा १६ को उपदफा (२) उलंघन गरेमा ५ हजार रूपैयाँसम्म,

(छ) दफा १६ को उपदफा (३) र (४) उलंघन गरेमा १० हजार रूपैयाँ,

(ज) दफा १८ को व्यवस्था उलंघन गरमा लाग्ने करको प्रतिदिन ०.०५% वा प्रति कर अवधि रू.१,०००।–मध्ये जुन वढी हुन्छ सो रकम,

(झ) दफा २३ वमोजिम कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे रू.५,०००।– रूपैयाँ,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम उलंघन गरेमा पटकै पिच्छे एक हजार रूपैयाँ ।

(२) ऐनको दफा २९ को उपदफा (२) को "कर विगोको दोब्बर रकमसम्म" भन्ने शब्दहरूको सट्टा "कर विगोको सतप्रतिशतसम्म" भन्ने शब्दहरू राखिएको छ ।

(३) उपदफा (१) र (२) श्रावण १ गतेदेखि लागू हुनेछ ।

१७. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा १ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ ।

"(ङ) आपूर्ति मूल्यमा असमान छुट वा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा ।"

१८. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (५) मा रहेको "सात दिनको म्याद" भन्ने शब्दहरूको सट्टा "१५ दिनको म्याद" गरी २०५७ श्रावण १ गते देखि लागू हुने गरी संशोधन गरिएको छ । तदनुरूप अनुसूचीहरूमा पनि परिमार्जन गरिनेछ ।

१९. मूल्य अभिबृद्धि कर विभागको महानिर्देशकलाई मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ५० प्रयोग गर्न पाउने गरी तोकिएको छ । साथै उक्त विभागको करदाता दर्ता, ठूला करदाता सेवा, कर फिर्ता, कर संकलन र कर परीक्षण जाँच सम्वन्धी शाखाहरूका निर्देशक तथा शाखा अधिकृतहरूलाई कर अधिकृत तोकिएको छ ।

२०. मूल्य अभिबृद्धि कर लागू हुनुभन्दा अघि सम्झौता वा ठेक्का वन्दोवस्त भैसकेकोमा ठेक्काकर ऐन, २०२३ वमोजिम नै हुनेछ । साविकको सन्धि वा सम्झौतामा पैठारी गर्दा विक्रीकर छुट प्रदान गरिएको भए सम्वन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता वहाल रहेसम्म मूल्य अभिबृद्धि करमा दर्ता भएका करदातासंग स्थानीय खरिद गरेमा त्यस्तो आपूर्तिमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

२१. विभागले प्रमाणित गरिदिएको करदाता सम्वन्धी कम्प्यूटरबाट प्रशोधित कुनै पनि अधिलेख प्रमाणको रूपमा ग्रहय हुनेछ ।

२२. कपडा तथा सलाई (काठको काटि मात्र) उद्योगहरूले आफ्नो मूल्य अभिबृद्धिमा उठाएको कर नेपाल सरकारले तोके वमोजिम ती उद्योगहरूलाई फिर्ता गरिनेछ ।

२३. औषधि उद्योगहरूले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

२४. दर्ता भएको मिति देखि लगातार १ वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई वसेका करदाताहरूलाई कार्यालय निरीक्षण प्रतिवेदनको आधारमा विभागले मनासिव ठहराएमा दर्ता खारेजी गरी कर दायित्व फरफारक गरिनेछ ।

२५. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–१ मा देहाय वमोजिम हेरफेर गरिएको छः

(क) समूह १ को खण्ड (क) मा रहेको "मैदा" भन्ने शब्द हटाइएको छ ।

(ख) समूह १ को खण्ड (ग) मा रहेको "अलैची" भन्ने शब्द पछि "अदुवा र सुठो" भन्ने शब्दहरू थपिएका छन् । साथै सोही खण्डमा रहेका "तेलहन (तथा खाने तेल उत्पादन गर्न प्रयोग हुने यस्तै प्रकारका अन्य आधारभूत कृषि उत्पादनहरू)" भन्ने शब्दहरू हटाइएका छन् ।

(ग) समूह १ को खण्ड (घ) मा "जडिबुटी" पछि "(तिनको सार समेत" थपिएको छ ।

(घ) समूह १ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ ।

"(ङ)प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया ।"

(ङ) समूह २ को खण्ड (क) को सट्टा "अप्रशोधित तोरीको तेल" राखिएको छ ।

(च) समूह ३ को "ताजा दुध" पछि "(पाश्चाराइज्ड) र दही" थपिएको छ ।

(छ) समूह ४ को खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च) र (छ) थपिएको छः

"(ङ)कृषि कार्यमा प्रयोग हुने ट्र्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ्ग सेट र सो को ३० मिटर सम्मको होज पाइप ।

(च) कुखुराले पानी पिउने भांडो, कुखुराको चल्ला राख्ने वाकस र अण्डा राख्ने क्रेट ।

(छ) पशुपंक्षीको दाना (फिडसप्लीमेण्ट वाहेक)"

(ज) समूह ५ को खण्ड (क), (ख), (ग) र (च) लाई हटाई खण्ड (क) मा "सरकारी स्वामित्वमा संचालन भएका स्वस्थ्य संस्थाहरूले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा" थपिएको छ । अन्य खण्डहरूको क्रमांक मिलाइएको छ ।

(झ) समूह ५ को खण्ड (घ) मा "भ्याक्सिन" थपिएको छ ।

(ञ) समूह ६ को खण्ड (ग) को "शिक्षण सेवा" पछिका शब्दहरू हटाइएका छन् ।

(ट) समूह ७ को खण्ड (क) देखि (च) सम्मको सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः

(क) पुस्तक, अखवार, पत्रपत्रिका, तथा आवधिक प्रकाशनहरू ।

(ख) अखवारी कागज ।

(ठ) समूह ८ को खण्ड (ग) को "वनस्पति उद्यान" पछि "(राष्ट्रिय निकुञ्ज)" थपिएको छ ।

(ड) समूह ८ को खण्ड (घ) हटाइएको छ ।

(ढ) समूह ९ को सट्टा "हवाइयात्रा, गैर पर्यटकिय यातायात (केवुल कार वाहेक) तथा ढुवानी सेवाहरू (आपूर्तिसंग सम्वन्धित ढुवानी सेवा वाहेक)" राखिएको छ ।

(ण) समूह १० को "कानूनी व्यवसायी, लेखा परीक्षक, इन्जिनियर" भन्ने शब्दहरू हटाइएका छन् ।

(त) समूह ११ को खण्ड (७) पछि देहायका दफा ८ देखि १९ सम्म थपिएको छः

(८) ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

(९) बैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सवै संयन्त्र तथा उपकरणहरू ।

(१०) हवाइजहाज, हेलिकप्टर, दमकल र एम्वुलेन्स ।

(११) जुटका उत्पादनहरू ।

(१२) भाग ८४ को ५ प्रतिशत भंसार महशल लाग्ने औद्योगिक मेशिनरी ।

(१३) ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताइ, रङ्गाइ धुलाई र बुनाई ।

(१४) आल्मुनियम, तामा र पित्तलको स्क्राप, ढिक्का, सर्कल, पाता तथा तयारी भाडाकुंडाहरू ।

(१५) सुनका गहना ।

(१६) सुति तथा अन्य रेशाका कृत्रिम साडी, लुंगी, गाम्छा, धोती (सर्दाना/जनाना), पेटानी ।

(१७) सुती धागो ।

(१८) स्वदेशमै हातले बुनिने स्वेटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक वाहेक) ।

(१९) अर्थ मन्त्रालयबाट स्वीकृत भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

कर छुट गरिएका वस्तु तथा सेवाहरूको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

२६. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–२ मा देहाय वमोजिम हेरफेर गरिएको छः

(क) दफा २ को खण्ड (ख) को सट्टा "नेपाल अधिराज्य बाहिर गन्तब्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टेरको रूपमा राखिएको वा"

(ख) दफा २ को खण्ड (ग) को सट्टा "नेपाल अधिराज्य बाहिर गन्तब्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा विक्री वा आपूर्ति, वा उपभोग गर्नका लागि राखिएको ।"

(ग) दफा ३ को खण्ड (क) को सट्टा "नेपाल अधिराज्य भित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोवार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रूपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य वाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा ।"

(घ) दफा ३ को खण्ड (ख) को सट्टा "नेपाल अधिराज्य भित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य वाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।"

नेपाल राजपत्र
नेपाल सरकारद्वारा प्रकाशित
खण्ड ५६ काठमाडौं, असार २८ गते २०६३ साल (अतिरिक्ताङ्क २३(क))
भाग ३
नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना १

नेपाल सरकारले सामयिक कर असूल ऐन, २०१२ को दफा ३ अन्तरगत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तु तथा सेवामा लाग्ने मूल्य अभिबृद्धि कर अर्को सूचना जारी नभएसम्मका लागि पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छः–

१. १,३२,०० के.भि., ६६,००० के.भि., ३३,००० के.भि.र ११,००० के.भि.को विद्युत आपूर्ति सेवा,

२. ढुवानी तथा यातायात सेवा,

३. मट्टितेल ।

मिति २०६३ आषाढ २८ गते जारी भएको आर्थिक ऐन २०६३ ले व्यवस्था गरेको मूल्य अभिवृद्धि कर ऐनमा देहाय बमोजिम परिवर्तन गर्ने नेपाल सरकार मं.प.को २०६३।०५।०६ को निर्णयानुसार निम्नानुसार परिवर्तन गरेको छ ।

१. **आयकर तर्फ :-**

आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) मा रहेको "ग्रामिण समुदायमा" भन्नाले नगरपालिका क्षेत्र र सो क्षेत्रसंग जोडिएका गा.विस. बाहेकको क्षेत्र भनी स्पष्ट गरिएको ।

आर्थिक ऐन, २०६३ को दफा २२ को आधारमा नेपाल सरकार मं.प.को २०६३।०८।११ को निर्णयानुसार निम्नानुसार छुट सहुलियत प्रदान गरेको छ ।

१. **मूल्य अभिवृद्धि कर तर्फ :-**

(क) बैकल्पिक उर्जा प्रविधिमा प्रयोग हुने व्याट्री उत्पादन गर्ने स्वदेशी उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने मूल्य अभिवृद्धि कर बैकल्पिक उर्जा केन्द्रको सिफारिशमा छुट गर्ने ।

(ख) Jute Batching Oil (JBO) मा लाग्ने मूल्य अभिवृद्धि कर छुट गर्ने ।

(ग) काठको काँटी प्रयोग गर्ने सलाई उद्योगले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको करको २५ प्रतिशत सरकारले तोके बमोजिम फिर्ता गर्ने ।

(घ) वण्डेड वेयर हाउस मार्फत करमुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने मूल्य अभिवृद्धि कर बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउने ।

२. **अन्तःशुल्क तर्फ :-**

स्वीकृति प्राप्त करमुक्त पसल (वण्डेड वेयर हाउस र ड्यूटी फ्रि सप) ले अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापतको रकम बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउने ।

३. **आयकर तर्फ :-**

आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) मा उल्लेखित सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई कर छुट बारोबार गर्ने बाहेकको कारोबार गर्ने सहकारी संस्थालाई २० प्रतिशत मात्र आयकर लाग्ने गरी बाँकी छूट गर्ने ।

४. व्यापारिक प्रयोजनको लागि पैठारी हुने सुनमा लाग्ने स्थानीय विकाश शुल्क छुट गर्ने ।

*** *** ***

मूल्य अभिवृद्धि कर नियमावली, २०५३

(पहिलो संशोधन देखि दशौं संशोधनसम्म समावेश)

पहिलो संशोधन, २०५५/०८/०७
दोस्रो संशोधन, २०५९/०३/२४
तेस्रो संशोधन, २०५९/०९/२२
चौथो संशोधन, २०६०/०४/०१
पाचौं संशोधन, २०६१/०४/०१
छैठौं संशोधन, २०६१/१२/०३
सातौं संशोधन, २०६२/०४/०१
आठौं संशोधन, २०६२/०६/१७
नवौं संशोधन, २०६२/१०/०१
दशौं शंशोधन २०६४/०३/२८

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि प्रारंभ हुनेछ[९८] ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ ।

(ख) "कर अवधि" भन्नाले करदाताले ऐनको दफा १८ बमोजिम कर विवरण पेश गर्नु पर्ने अवधि सम्झनु पर्छ ।

(ग) "कर विवरण" भन्नाले करदाताले कर अवधिमा कर लाग्ने कारोबार गरे बापत बुझाउनु पर्ने करको सम्बन्धमा पेश गरेको विवरण सम्झनु पर्छ ।

परिच्छेद-२
दर्ता सम्बन्धी व्यवस्था

३. **दर्ताको लागि दरखास्त:** (१) ऐन प्रारम्भ हुँदाका बखत कुनै कारोबारमा संलग्न रहेको व्यक्तिले ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ ।

(२) ऐन प्रारम्भ भएपछि कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम दर्ताको लागि दरखास्त दिने व्यक्ति साझेदार भएमा अनुसूची-२ बमोजिमको ढाँचामा साझेदारीको पूर्ण विवरण समेत दरखास्त साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

४. **दरखास्तको जाँचबुझ:** (१) नियम ३ बमोजिम परेको दरखास्तसाथ संलग्न विवरण तथा कागजातहरु जाँचबुझ गर्दा आवश्यक देखिएका अन्य थप विवरण तथा कागजातहरु समेत पेश गर्न सम्बन्धित कर अधिकृतले दरखास्तवालासँग माग गर्न सक्नेछ । यसरी मागिएको थप विवरण तथा कागजातहरु माग गरिएको मितिले सात दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्ने कर्तव्य दरखास्तवालाको हुनेछ ।

---

[९८] नेपाल सरकारले यो नियमावली २०५४ साल मंसिर १ गते देखि प्रारंभ हुने गरी तोकेको ।

(२) ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता गर्नु नपर्ने कारोबार दर्ता गर्नको लागि कसैको दरखास्त पर्न आएको रहेछ भने सम्बन्धित कर अधिकृतले दर्ता गर्नु नपर्ने व्यहोरा उल्लेख गरी सो को जानकारी दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई दिनु पर्नेछ ।

५. **दर्ताको प्रमाणपत्र दिनु पर्ने:** नियम ३ बमोजिम दर्ताको लागि परेको दरखास्त उपर सम्बन्धित कर अधिकृतले नियम ४ बमोजिम जाँचबुझ गरी दर्ता गर्न उपयुक्त हुने देखेमा दरखास्त परेको मितिले तीस दिनभित्र दरखास्तवालाले गरेको वा गर्न चाहेको कारोबारलाई दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता नम्बर सहितको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

६. **सानो कारोबार गर्ने व्यवसायीले दर्ता गराउनु नपर्ने:** (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन[९९] । यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वार्षिक वीस लाख रुपयैयाँसम्मको मात्र कारोबार भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ [१००] ।

.....[१०१]

(१क)[१०२] कुनै आपूर्तिको खरीद, विक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरीद, विक्री र मौज्दातलाई एउटै कारोवार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

(१ख) .....

(१ग) .....

---

[९९] दोस्रो संशोधनले संशोधन, पहिलो संशोधनले निम्न व्यवस्था गरेको :

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा पैतालीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन

तर नेपाल अधिराज्यभित्र व्यापारिक प्रयोजनको लागि एक पटकमा दुई लाख रुपैयांभन्दा बढी वा वार्षिक वाह्र लाख रुपैयांभन्दा वढी पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्ने व्यक्तिले आफ्नो बारोवार दर्ता गराउनु पर्नेछ ।"

तर यो प्रतिबन्धात्मक बाक्याशं आठौं संशोधनबाट झिकिएको ।

मूल नियमावलीमा निम्न व्यवस्था थियो :

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा **दश** लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन ।

"तर नेपाल अधिराज्यभित्र व्यापारिक प्रयोजनको लागि वार्षिक एक लाख रुपैयां वा सो भन्दा वढी पैठारी मूल्यको वस्तु आयात गन व्यक्तिले आफ्नो बारोवार दर्ता गराउनु पर्नेछ ।"

[१००] तेस्रो संशोधनले थप ।

[१०१] दोस्रो संशोधनले थप गरेको निम्न प्रतिवन्धात्मक वाक्यांश आठौं संशोधनले झिकेको :

"तर नेपाल अधिराज्य भित्र घरेलु उद्योगले सो प्रयोजनका लागि आफै पैठारी गर्ने देखि वाहेक अन्य कुनैपनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैया भन्दा वढिको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोवार दर्ता गराउनु पर्नेछ ।"

[१०२] दोस्रो संशोधनले संशोधन, पहिलो संशोधनवाट उपनियमा (१क), (१ख) र (१ग) थप भएकोमा यी उपनियमहरु आर्थिक ऐन, २०५६ ले खारेज गरेको, थप हुदा निम्न व्यवस्था थियो:

"(१क) भारत र तिब्बतवाट व्यापारिक कारोवार गर्न चाहाने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भारत र तिब्बतवाट व्यापारिक कारोवार गर्ने व्यहोरा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । यसरी कारोवार गर्ने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भन्सार अधिकृतले आयात गरेको वस्तुको विवरण मूल्य र आयत गरेको मिति समेत जनाउनु पर्नेछ ।"

(१ख) भारत तिब्बतवाट व्यापारिक कारोवार गर्ने व्यक्तिले त्यसरी कारोवार गर्दा अग्रिम आयकर वापत पांच प्रतिशतका दरले हुने रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(१ग) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आयकर दर्ता प्रमाणपत्र नलिई एक पटकमा तीन हजार रुपैयांसम्मको पैठारी मूल्यको वस्तु भारत र तिब्बतवाट आयत गर्न पाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ । यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त परेमा कर अधिकृतले नियम ४ बमोजिमको जाँचबुझ प्रक्रिया पूरा गरी कारोबार दर्ता गरिदिनु पर्नेछ ।

६क.[१०३] **ठेक्का सम्वन्धी व्यवस्था :-** ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई करको भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्नेछ । सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक वीस लाख रुपैयाभन्दा बढीको ठेक्कापट्टा दिंदा वा वार्षिक एक लाख रुपैयाभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसंग मात्र दिनु लिनु पर्नेछ ।

७. **कारोबार दर्ता गराउनु पर्ने विशेष अवस्था:**[१०४] (१) कुनै व्यक्तिको वार्षिक[१०५] कारोबार बीस लाख रुपैयाँ[१०६] नाघ्न सक्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) मा उल्लेख भए अनुसार अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम बीस लाख रुपैया[१०७] नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(३)[१०८] .....

(४)[१०९] ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नुपर्ने वस्तु वा सेवाको कारोबार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ता गर्नु पर्नेछ ।

(५)[११०] यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले गरेको कर लाग्ने वस्तु वा सेवाको[१११] कारोबारको सम्बन्धमा देहायको अवस्था भएमा त्यस्तो कारोबार कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोबार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा .....[११२]

(ख) कुनै व्यक्तिको टेलिफोन महसुल र घर वहाल गरी वार्षिक एक लाख रुपैंयाभन्दा बढी खर्च भएमा, वा

---

[१०३] दोस्रो संशोधनले थप ।

[१०४] पहिलो संशोधनले मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) मा रहेका "दश लाख" भन्ने शव्दको सट्टा "पैतालिस लाख" भन्ने शव्द राखेकोमा आर्थिक ऐन, २०५६ ले खारेज गरेको ।

[१०५] आठौं संशोधनले "आगामी तीन महिनामा आफ्नो" भन्ने वाक्याशको सट्टा राखेको .

[१०६] दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "वीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१०७] दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "वीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१०८] दशौं संशोधनले झिकेको, आठौं संशोधनले थप गर्दा निम्न व्यवस्था गरेको थियो:

"(३) कुनै करदाताले आफ्नो कारोबारको सीमा बीस लाख रुपैंया नभएको दावी गरेको विषय उपर कर अधिकृतलाई शंका लागेमा निजले त्यस्तो करदाताको स्वीकृतिमा पेशागत संस्थासँग परामर्श गर्न सक्नेछ ।"

[१०९] आठौं संशोधनले थप ।

[११०] आठौं संशोधनले थप ।

[१११] दशौ संशोधनले थप ।

[११२] दशौं संशोधनले झिकेको, नवौं संशोधनले "वा कुनै महिनामा दुई लाख वा सोभन्दा बढी रुपैयाको विक्री भएमा," भन्ने वाक्यांश थप गरेको थियो ।

(ग) विभागले तोकेको बजार वा सडक क्षेत्रभित्रको विभागले तोकेको निश्चित क्षेत्रफलमा कुनै व्यक्तिको कारोबार स्थल भएमा ।

८. **कारोबारको रकमको निर्धारण:** कारोबार दर्ता गर्ने प्रयोजनको निमित्त कुनै कारोबारको रकमको निर्धारण सो कारोबारको विगत बाह्र महीनाको खरीद वा बिक्री मूल्यमध्ये जुन बढी हुन्छ सोको आधारमा गरिनेछ । दर्ता भएको व्यक्तिले कारोवार रकम पुष्ट्याई गर्ने अभिलेख कारोवार स्थलमा राख्नु पर्नेछ र कर अधिकृतले मागेको बखत देखाउनु पर्नेछ ।

९. **स्थान परिवर्तनको सूचना दिनु पर्ने**: (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको स्थान परिवर्तन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कर अधिकृतले परिवर्तन हुने कारोबार स्थान अर्को कर कार्यालयको कार्य क्षेत्रभित्र पर्ने देखेमा सम्बन्धित कार्यालयलाई सो कुराको जानकारी त्यस्तो सूचना पाएको मितिले सात दिनभित्र दिनु पर्नेछ ।

१०. **कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्न सूचना दिनु पर्ने**: (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सम्बन्धित कर अधिकृतलाई सो कुराको सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गरेपछि सम्बन्धित कर अधिकृतले दर्ता भएको व्यक्तिको कारोबारको प्रकृति वा उद्देश्यलाई परिवर्तन गरी त्यसको जानकारी त्यस्तो दर्ता भएको व्यक्तिलाई दिनु पर्नेछ ।

११. **कारोबारको हस्तान्तरण**: (१) कुनै दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गरेमा त्यसरी कारोवार हस्तान्तरण गरेको मितिले सात दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु खुलाई सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कारोबारको हस्तान्तरण भएमा हस्तान्तरणका शर्तहरुका अधीनमा रही हस्तान्तरणकर्ताको हक, अधिकार तथा दायित्वहरु समेत हस्तान्तरण हुनेछ ।

(३) सम्बन्धित कर अधिकृतले कारोबार हस्तान्तरणसंग सम्बन्धित दुवै पक्षलाई आफ्नो रोहवरमा राखी ऐन र यस नियमावली बमोजिम निजहरुले पूरा गर्नु पर्ने दायित्वका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरुको कर्तव्य हुनेछ ।

१२.[११३] **दर्ता खारेजीको प्रक्रिया**: (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता खारेजीको लागि दरखास्त दिएपछि दर्ता खारेजीको जानकारी नभएसम्म वा ३ महिनासम्म कर विवरण पेश गर्नुपर्नेछ ।

---

[११३] दशौं संशोधनले संशोधन, संशोधन भन्दा पहिले निम्न व्यवस्था थियो :

"१२. **दर्ता खारेजीको प्रक्रिया**: ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ ।"

(३) दर्ता खारेजीको दरखास्त परेको मितिले ३ महिनाभित्र दर्ता खारेज भएको वा नहुने भए सो विषयको जानकारी दिनु सम्वन्धित कर अधिकृतको कर्तव्य हुनेछ ।

१३. **दर्ता नम्बरको प्रयोग**: ऐनको दफा १० को उपदफा (६) मा उल्लिखित कारोबारहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्वरको प्रयोग आफूले गर्ने कारोबारसंग सम्बन्धित देहायका कागजातहरुमा समेत गर्नु पर्नेछः-

(क) आयकर सम्बन्धी कागजातमा,

(ख) बैंक तथा वित्तीय संस्थाहरुमा व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि एक लाख रुपैयाँभन्दा बढी ऋृणको लागि दिइने निवेदन सम्बन्धी कागजातमा,

(ग) आयात तथा निर्यात सम्बन्धी कागजातमा ।

१४. **प्रतिलिपि दिने**: (१) दर्ता भएको व्यक्तिले नियम ५ बमोजिम प्राप्त गरेको कारोबार दर्ताको प्रमाणपत्र च्यातिएमा, हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि प्रतिलिपि दस्तुर वापत लाग्ने एकसय रुपैयाँ समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित कर अधिकृतले कारोबार दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

१४क.[११४] **करपाटीको व्यवस्था** : करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ ।

परिच्छेद-३
आपूर्ति स्थान र समय

१५. **वस्तुको आपूर्ति स्थानको निर्धारण**: देहायको स्थानलाई वस्तुको आपूर्ति भएको स्थान मानिनेछः-

(क) बिक्री गरी हस्तान्तरण गरिएको चल वस्तुको आपूर्तिको स्थान जहाँ त्यस्तो वस्तु बिक्री गरिएको वा हस्तान्तरण गरिएको छ सोही ठाउँ,

(ख) स्वामित्व परिवर्तन गरिए पनि स्थान परिवर्तन गर्न नसकिने अचल वस्तुको सम्बन्धमा त्यस्तो वस्तु रहेको ठाउँ,

(ग) आयात गरिएको वस्तुको सम्बन्धमा त्यस्तो वस्तु नेपाल अधिराज्यभित्र आयात गरिने नेपाल अधिराज्यको भन्सार विन्दू,

(घ) कुनै उत्पादक वा विक्रेताले कुनै वस्तु स्वयं आफूलाई आपूर्ति गरेमा त्यस्तो वस्तुको उत्पादक वा विक्रेता रहेको स्थान ।

१६. **सेवाको आपूर्ति स्थानको निर्धारण**: सेवाको आपूर्ति स्थान सेवाबाट लाभ प्राप्त गर्ने ठाउँ हुनेछ ।

परिच्छेद-४
बिजक तथा बजार मूल्य सम्बन्धी व्यवस्था

१७. **कर विजक**: (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क.[११५] बमोजिमको ढाँचामा कर विजक दिनु पर्नेछ । त्यसरी कर बीजक जारी गर्दा कुनै बस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ[११६] ।

---

[११४] आठौं संशोधनले थप ।

[११५] आठौं संशोधनले थप ।

(१क) [११७] उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १४ को उपदफा (७) बमोजिम वस्तु वा सेवाको बिक्री गर्दा अनुसूची-५ख मा उल्लिखित विवरण बमोजिमको कर बिजक जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रापकलाई दिइने बिजकको मुख पृष्ठमा देखिने गरी प्रष्टसंग कर विजक लेखिएको हुनु पर्नेछ । यस्तो कर विजकको तीन प्रति तयार गरी त्यसको सक्कल प्रति प्रापकलाई दिने, दोस्रो प्रति कार्यालयले माग गरेका बखत पेश गर्ने गरी छुट्टै अभिलेख खडा गरी राख्ने र तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबार प्रयोजनको निमित्त अभिलेख खडा गरी राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३)[११८] .....

(४)[११९] .....

(५)[१२०] .....

१८. **संक्षिप्त कर बिजक**: (१) नियम १७ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै दर्ता भएको व्यक्तिले कुनै वस्तुको खुद्रा बिक्री गर्ने भएमा सोही कुरा खुलाई सम्बन्धित कर अधिकृत समक्ष निवेदन दिएमा त्यस्तो दर्ता भएको व्यक्तिले कुनै वस्तुको खुद्रा बिक्री गर्दा नियम १७ मा उल्लेख भए बमोजिमको कर बिजकको सट्टा अनुसूची-६ बमोजिमको ढाँचामा प्रापकलाई संक्षिप्त कर बिजक दिनु पर्ने गरी अनुमति दिन सक्नेछ ।

(२) कम मोल पर्ने धेरै वस्तुहरु बिक्री गरिएको रहेछ भने उपनियम (१) बमोजिम दिइने संक्षिप्त कर बिजकमा सबै वस्तुहरुको छुट्टा छुट्टै नाम उल्लेख नगरी एकमुष्ट केही वस्तुहरु भनी उल्लेख गर्न सकिनेछ ।

---

[११६] आठौं संशोधनले थप ।

[११७] नवौं संशोधनले थप ।

[११८] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (३) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(३) खुद्रा विक्रेताले स्थायी लेखा नम्वर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा कर छुट्टै नदेखाई लाग्ने कर समेत मूल्यमा गाभी अनुसूची ५क. बमोजिमको ढांचामा एकमुष्ठ रकमको कर बीजक जारी गर्नु पर्नेछ । स्थायी लेखा नम्वर भएको प्रापकले पचास हजार रुपैयाँसम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको विजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्वर उल्लेख गरेको भए कर कट्टी सुविधा पाउनेछ । यस्तो विजकवाट करको कूल अंक निकाल्ने तरिका नियम १८ को उपनियम (७) मा उल्लेख भए बमोजिम हुनेछ ।

तर पचास हजार रुपैयाँभन्दा वढीको आपूर्तिमा दर्ता भएका व्यक्तिलाई र ऐनको दफा २५ बमोजिम कर फिर्ता पाउने व्यक्ति वा संस्थालाई उपनियम (१) वमोजिमको विजक जारी गर्नु पर्नेछ ।"

[११९] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (४) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(४) कर लाग्ने बस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति र सिलसिलेवार नम्वर **तथा सामानको स्पष्ट विवरण*** सहितको बीजक जारी गर्नुपर्नेछ । उत्पादक तथा आयतकर्ताले प्रापकको नाम, स्थायी लेखा नम्वर, ठेगाना स्पष्ट उल्लेख नगरी विजक जारी गरेमा यस्तो विक्रीलाई प्रचलित वजार मूल्यमा खुद्रा विक्री गरे सरह मानिनेछ ।

तर प्रापकको स्थायी लेखा नम्वर नभए विजकमा स्थायी लेखा नम्वर उल्लेख गर्नुपर्ने छैन ।"

*तेस्रो संशोधनले थप ।

तर सातौं संशोधनले यो उपनियम (४) को सट्टा निम्न उपनियम (४) राखेको थियो ।

"(४) कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्वर, मिति र सिलसिलेवार नम्वर तथा सामानको विवरण (मोडल, ब्राण्ड, संकेत नम्वर) सहितको विजक जारी गर्नु पर्नेछ । बिक्रेताले सो नगरी विजक जारी गरेमा त्यस्तै सामानको प्रचलित प्रचलित बजार मूल्य (उच्चतम) कायम गरी कर असूल गरिनेछ ।

तर सरकारी, सार्वजनिक संस्थान जस्ता स्थायी लेखा नम्वर लिन अनिवार्य नहुने बिक्रेताको हकमा भने स्थायी लेखा नम्वर उल्लेख गर्नु पर्ने छैन ।"

[१२०] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (५) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(५) एक पटकमा रु. दश हजार भन्दा बढी मूल्य पर्ने कर लाग्ने बस्तुको मौज्दात ओसारपसार गर्दा वा दर्ता नभएको व्यक्तिलाई बिक्री गरिएको वस्तु ओसारपसार गर्दा कर अधिकृतको निस्सा भएको वीजक सहित ओसारपसार गर्नुपर्नेछ । यस्तो निस्सा करदाताले दर्ता भएको कार्यालय वा शाखा रहेको कार्यालयबाट प्राप्त गर्न सक्नेछ । दर्तावाला करदाताहरु बीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन ।"

(३) उपनियम (१) बमोजिम वस्तु खरीद गरी संक्षिप्त कर बिजक लिने प्रापकले ऐनको दफा १७ बमोजिम कर कट्टी गर्न पाउने छैन ।

(४) उपनियम (१) बमोजिम प्रापकलाई संक्षिप्त कर बिजक दिने दर्ता भएको व्यक्तिले सो कुराको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछ :-

(क) सक्कल बिजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने,

(ख) टिलरोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने,

(ग) प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने ।

(५) उपनियम (४) बमोजिम दर्ता भएको व्यक्तिले राख्नु पर्ने अभिलेख राखेको नपाइएमा कर अधिकृतले उपनियम (१) बमोजिम संक्षिप्त कर बिजक जारी गर्न दिएको अनुमति खारेज गर्न सक्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पाँचहजार रुपैयाँ[१२१] भन्दा बढी मूल्यको कारोबार भएको रहेछ भने यस नियम बमोजिम संक्षिप्त कर बिजक जारी गर्न पाईने छैन र सोभन्दा कम रकमको कारोबार भएको भएतापनि नियम १७ बमोजिमको कर बिजकको माग गर्ने प्रापकलाई सोही बमोजिमको कर बिजक उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ ।

"तर विभाग वा कार्यालयवाट क्यास मेसिन वा कम्प्यूटरको सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त गरेको दर्ता भएको व्यक्तिले अनुसूची ५ बमोजिमको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

[१२२] .....

(७) संक्षिप्त कर बिजकबाट करको कूल अंक बिजक मूल्यलाई कर भिन्नले गुणन गरी निकालिनेछ ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "कर भिन्न" भन्नाले

करको दर
---------- को योगलाई जनाउँछ ।
करको दर + १००

१८क.[१२३] **क्याश मेशिन वा कम्प्यूटर सफ्टवेयरबाट विजक जारी गर्नुपर्ने** : विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नु पर्ने गरी तोक्न सक्नेछ र त्यसरी तोकिएकोमा त्यस्तो करदाताले कारोबार गर्दा क्याश मेशिनको प्रयोग गरी विजक जारी गर्नु पर्नेछ ।

तर कम्प्यूटर सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त करदाताले सोही बमोजिम विजक जारी गर्नु पर्नेछ ।

१९. **कर विजक दिनु नपर्ने**: ऐनको दफा १४ को उपदफा (१) को प्रयोजनको लागि दश हजार रुपैयाभन्दा बढी मूल्य भएका प्रयोग भैसकेको वस्तुको कारोवार गर्ने व्यक्तिले निजले आपूर्ति गरेको वस्तुको खरीद मूल्यभन्दा विक्री मूल्य घटी भएमा कर विजक जारी गर्नु पर्ने छैन ।

---

[१२१] दोस्रो संशोधनले "पाँच सय रुपैया" भन्ने वाक्यांशको सट्टा ।

[१२२] दोस्रो संशोधनले थप गरेको निम्न प्रतिवन्धात्मक वाक्यांश नवौं संशोधनवाट झिकिएको ।

"तर विभाग वा कार्यालयवाट क्यास मेसिन वा कम्प्यूटरको सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त गरेको दर्ता भएको व्यक्तिले अनुसूची ५ बमोजिमको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

[१२३] नवौं संशोधनले थप ।

२०. **क्रेडिट वा डेविट नोटः** (१) दर्ता भएको व्यक्तिले आपूर्ति गरेको वस्तु वा सेवाको मूल्यमा परिवर्तन भई क्रेडिट वा डेविट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसंग क्रेडिट वा डेविट नोट लेखी देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

(क) क्रमागत संख्या,

(ख) जारी भएको मिति,

(ग) आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर,

(घ) प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर,

(ङ) कारोबारसंग सम्बन्धित कर बिजकको संख्या र मिति,

(च) वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेविटको कारण,

(छ) क्रेडिट वा डेविट भएको रकम,

(ज) क्रेडिट वा डेविट भएको करको रकम ।

(२) दर्ता भएको करदाताले उपनियम (१) बमोजिमको क्रेडिट वा डेविट नोटको मासिक लेखा राख्नु पर्नेछ ।

२१. **विदेशी मुद्रामा भुक्तानी भएमाः** आपूर्तिकर्ताले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा त्यसको प्रतिफल वापत प्रापकबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी लिई कर विजक दिंदा कारोबार भएको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर विजकमा उल्लेख गरी बिजक दिनु पर्नेछ ।

२२. **बजार मूल्य निर्धारण प्रक्रियाः** (१) ऐनको दफा १३ बमोजिम बजार मूल्य निर्धारण गर्नु पर्दा कर अधिकृतले समान प्रकारको कारोबारको सम्बन्धमा दर्ता भएका अन्य समान बिक्रेताहरुको कारोवार तथा मूल्य अध्ययन गरी बजार मूल्यको निर्धारण गर्नेछ ।

(२) ऐनको दफा १३ को उपदफा (३) मा उल्लेख भए बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तत्सम्बन्धमा समान प्रकारका दर्ता भएका व्यक्तिहरुबाट आफूलाई प्राप्त भएको जानकारी समेतका आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

परिच्छेद-५
कारोबारको अभिलेख

२३. **अभिलेख राख्नु पर्नेः** (१) दर्ता भएको व्यक्तिले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका सूचना, कागजात तथा विवरणहरुको अभिलेख राख्नु पर्नेछ :-

(क) अनुसूची- ७ बमोजिमका सूचनाहरु ।

(ख) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख ।

(ग) आफूले जारी गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरु ।

(घ) आफूले प्राप्त गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरु ।

(ङ) आफूले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरु ।

(च) आफूले खरीद र बिक्री गरेका वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने सम्पूर्ण डेविट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरु ।

(छ) अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरीद तथा बिक्री खाताहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकारको व्यापार वा व्यवसायका निमित्त उक्त उपनियममा उल्लेख भएका मध्ये कुनै अभिलेखहरु मात्र दर्ता भएको व्यक्तिले अभिलेखको रुपमा राख्नु पर्ने गरी विभागले तोक्न सक्नेछ ।

(३) दर्ता भएको व्यक्तिले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरु विभागको अनुमति लिई कम्प्यूटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिए बमोजिमको तरीका अपनाई राख्न सक्नेछ ।

(४) यस नियम बमोजिम दर्ता भएको व्यक्तिले राखेको अभिलेख कर अधिकृतले कारोबार समयमा जुनसुकै बखत हेर्न सक्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "कारोबार समय" भन्नाले सार्वजनिक बिदा बाहेक कारोबार खुल्ने तथा बन्द हुने समयको बीचको अवधि सम्झनु पर्छ ।

(५) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा मागेको अभिलेखसंग सम्बन्धित विवरण तथा कागजात दर्ता भएको व्यक्तिले आफ्नै खर्चमा मुद्रण गरी उपलब्ध गराउनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्दा निजलाई सहयोग पुर्‍याउनको निमित्त आवश्यक कर्मचारीहरु उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ ।

(७) यस नियम बमोजिम राखिएका अभिलेखहरु दर्ता भएको व्यक्तिले ६ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

२४. **नमूनाको लागि वितरण गरिएको वा विना मूल्यमा प्राप्त वस्तुको विवरण**: नियम २३ मा उल्लिखित अभिलेखहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले कारोबारसंग सम्बन्धित देहायका विवरणहरु समेत राख्नु पर्नेछः-

(क) व्यवसाय प्रवर्द्धनको लागि नमूनाको रुपमा **प्राप्त भएका तथा**[१२४] वितरण गरिएको वस्तुको विवरण ।

(ख) विनामूल्य प्राप्त भएका **तथा वितरण गरिएका**[१२५] वस्तुको विवरण ।

२५. **खरीद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्था**: ऐनको दफा १६ को उपदफा (३) बमोजिम कर अधिकृतले खरीद तथा बिक्री खाता प्रमाणित गर्दा देहाय बमोजिम प्रमाणित गर्नु पर्नेछः-

(क) करदाताले खरीद तथा बिक्री खाता प्रमाणित गर्नको लागि कार्यालयमा निवेदन दिएमा,

(ख) कर परीक्षण वा जाँचको अवधिमा ,

(ग) निरीक्षणको समयमा ।

परिच्छेद-६
कर विवरण तथा संकलन

२६. **कर अवधिको कर विवरण पेश गर्नु पर्ने**: (१) दर्ता भएको व्यक्तिले विक्रम सम्बत् अनुसारको एक महीनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

तर अघिल्लो बाह्र महिनाभित्र बीस लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म वार्षिक कारोबार भएका करदाताले श्रावण, आश्विन, मार्ग, माघ, चैत र जेष्ठ महिनाको पच्चीस गतेभित्र सम्बन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ[१२६]।

---

[१२४] दशौं संशोधनले थप ।

[१२५] दशौं संशोधनले थप ।

[१२६] छैठौं संशोधनले संशोधन, पाचौं संशोधनले थप गर्दा यो प्रतिवन्धात्मक वाक्यांशमा निम्न व्यवस्था थियो :

"तर अघिल्लो बाह्र महिनाभित्र बीस लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार भएका करदाताले भाद्र, कार्तिक, पौष, फागुन, बैशाख र जेष्ठ महिनाको पच्चीस गतेभित्र सम्बन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले आफ्नो लेखा कम्प्यूटर प्रणालीमा राखेको कारणले उपनियम (१) मा उल्लिखित कर अवधिको सट्टा छुट्टै कर अवधि कायम गरिपाउन कर अधिकृत समक्ष निवेदन दिएमा कर अधिकृतले जाँच बुझ गरी उपयुक्त देखेमा त्यस्तो दर्ता भएको व्यक्तिको हकमा आवश्यकता अनुरुप छुट्टै कर अवधि कायम गरिदिन सक्नेछ ।

(३) ऐनको दफा ९ बमोजिम स्वेच्छाले दर्ता गरेका करदाताको बार्षिक कारोवार वीस लाख रुपैयाँ[१२७] सम्म भएमा त्यस्ता करदाताले श्रावण, मार्ग र चैत महिनाको[१२८] पच्चीस गतेभित्र सम्वन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ ।

(३क)[१२९] होटल तथा पर्यटन व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि दुई महिना कायम गर्न सक्नेछ ।

(४) यसरी एक महीनाभन्दा घटी वा बढी कर अवधि कायम गरिएको दर्ता भएको व्यक्तिले सो अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(५) पहिलो पटक कर विवरण पेश गर्दा दर्ता भएको व्यक्तिले कर अवधिको बाँकी अवधिलाई कर अवधि मानी सोही अवधिको कर विवरण पेश गर्नु पर्नेछ ।

२७. **हकवाला वा कानूनी प्रतिनिधिबाट कर विवरण पेश गर्न लगाउन सकिने**: दर्ता भएको व्यक्तिको मृत्यु हुन गएमा वा निज कर विवरण पेश गर्न शारीरिक वा मानसिक रुपमा असक्षम भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रुपमा असक्षम भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले वस्तु वा सेवाको आपूर्ति गरेको अवधि मानी कर अधिकृतले सो अवधिको कर विवरण निजको हकवाला वा कानूनी प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ ।

२८. **एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नु पर्ने**: देहायको अवस्थामा देहायका व्यक्तिले एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नु पर्नेछः-

(क) कुनै करदाता कर विवरण पेश गर्न असक्षम भएमा वा निजको मृत्यु भएमा निजको हकवाला वा संरक्षकले,

(ख) करदाता कानूनी व्यक्ति भएमा त्यस्तो करदाताको तर्फबाट कुनै संचालक, कार्यकारी प्रमुख वा व्यवस्थापनले तोकेको कुनै कर्मचारीले,

(ग) करदाता कानूनी व्यक्ति भएमा र त्यस्तो कानूनी व्यक्ति खारेज वा विघटन भएमा लिक्विडेटरले,

(घ) माथि उल्लेख भएको अवस्था बाहेक अन्य अवस्थामा कर अधिकृतले तोकेको करदातासंग सरोकार राख्ने व्यक्तिले ।

परिच्छेद-७
करको निर्धारण र असूल उपर

२९. **कर अधिकृतले कर निर्धारण गर्न सक्ने**: (१) ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित अवस्था परी सोही दफाको उपदफा (२) बमोजिमका आधारहरुका अतिरिक्त बजार मूल्य वा कर निर्धारण गरिनुपर्ने कारोबारसंग सम्बन्धित अन्य कुनै सूचना वा जानकारीका आधारमा समेत कर अधिकृतले कर निर्धारण गरी अनुसूची-१२ को ढाँचामा कर निर्धारण आदेश जारी गर्न सक्नेछ ।

साथै उपदफा (३) मा रहेको कार्तिक, फागुन र असार महिनामा संशोधन ।

[१२७] पहिलो संशोधनले "दश लाख" भन्ने शव्दको सट्टा "पैतालिस लाख" भन्ने शव्द राखेको । दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१२८] छैठौं संशोधनले "कार्तिक, फागुन र असार महिनाको" भन्ने वाक्यांशको सट्टा ।

[१२९] दोस्रो संशोधनले थप ।

(२) उपनियम (१) बमोजिम कर अधिकृतले जारी गरेको कर निर्धारण आदेश उपर आफ्नो सफाईमा प्रमाण पेश गर्न सम्बन्धित करदातालाई पन्ध्र[१३०] दिनको म्याद दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित करदाताबाट सफाईमा पेश हुन आएको प्रमाणहरु उपयुक्त देखेमा सोही आधारमा कर अधिकृतले उपनियम (१) बमोजिम कर निर्धारण गरी कर निर्धारण आदेश जारी गर्नु पर्नेछ । यसरी कर निर्धारण आदेश जारी गर्दा सो आदेशमा आदेश जारी भएको मितिसम्म ऐनको दफा १९ को उपदफा (२) र (३) बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याजको रकम समेत समावेश गर्नु पर्नेछ ।

स्पष्टीकरण: व्याजको गणना गर्दा प्रति महीना बाह्र खण्डको एक खण्डको आधारमा गरिनेछ ।

३०. **कर, थप दस्तुर र व्याजको रकम बुझाउनु पर्ने**: नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको कर, थप दस्तुर र व्याजको रकम सम्बन्धित करदाताले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

३१. **कर निर्धारण आदेशको सूचना पठाउने कार्यविधि**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले करदातालाई नियम २९ बमोजिम कर निर्धारण आदेश जारी गर्दा त्यस्तो करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै अन्य विद्युतीय उपकरण मार्फत पठाएमा वा त्यस्तो आदेश निज वा निजको कार्यालयमा बुझाएमा वा निजको ठेगानामा रजिष्टरी गरी हुलाक मार्फत पठाएमा रीतपूर्वक तामेल भएको मानिनेछ ।

(२) उपनियम (१) बमोजिम कर निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा कर अधिकृतले सम्बन्धित करदातालाई रेडियो, टेलिभिजन वा राष्ट्रिय स्तरको कुनै पत्र-पत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सो को जानकारी गराउन सक्नेछ । त्यस्तो अवस्थामा सम्बन्धित करदाताले त्यस्तो जानकारी पाएको मानिनेछ ।

३२. **दर्ता नभएको व्यक्तिले उठाएको करको निर्धारण र असूली**: (१) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५ को उपदफा (२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई करको निर्धारण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले सातदिन भित्र बुझाउनु पर्नेछ ।

३३. **प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण तरीका**: (१) प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण त्यस्ता वस्तुहरुको विक्री मूल्य र खरीद मूल्य बीचको बचतमा मात्र गरिनेछ । त्यस्ता वस्तुको विक्रेताले देहाय बमोजिमका स्थायी अभिलेख त्यस्ता वस्तु खरीद वा विक्री गर्दाकै अवस्थामा तयार गरी राख्नुपर्नेछ ।

(क) खरीद सम्बन्धी

(अ) खरीद मिति,

(आ) वस्तुको पूर्ण जानकारी हुने किसिमको व्यहोराको उल्लेख,

(इ) कर बाहेकको खरीद मूल्य,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) तिरेको कूल रकम ।

(ख) विक्री सम्बन्धी

(अ) विक्री भएको मिति,

(आ) कर वाहेकको विक्री मूल्य,

---

[१३०] पाचौं संशोधनले "सात" भन्ने शब्दको सट्टा ।

(इ) खरीद मूल्य र विक्री मूल्य बीचको फरक,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) प्राप्त गरेको कूल रकम ।

(२) उपनियम (१) मा उल्लेख गरेको खरीद मूल्य भन्नाले कर सहितको मूल्यलाई जनाउनेछ ।

(३) प्रयोग भैसकेका प्रत्येक वस्तुहरुको खरीद मूल्य दश हजार रुपैयाँभन्दा बढी भएमा छुट्टा छुट्टै खरीद वा विक्री अभिलेख राख्नु पर्नेछ ।

(४) दर्ता भएको व्यक्तिले उपनियम (१), (२) र (३) मा उल्लेख भएको अभिलेख सन्तोषजनक ढंगले राखेको नपाइएमा त्यस्तो करदाताले विक्री गरेको कूल विक्री मूल्यमा कर लगाई अर्को कर विवरणसँगै त्यस्तो कर दाखिल गर्ने गरी कर अधिकृतले लिखित आदेश दिन सक्नेछ ।

३४. **पुनरावेदन दिनुअघि कर विवरण पेश गर्नु पर्ने**: नियम २९ बमोजिम गरिएको कर निर्धारण उपर करदाताले पुनरावेदन दिनुअघि आफ्नो सो अवधिको कर विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

३५. **काबु बाहिरको परिस्थिति**: (१) ऐनको दफा १९ को उपदफा (४) को प्रयोजनको लागि देहायको अवस्थालाई काबू बाहिरको परिस्थिति मानिनेछः-

(क) कर बुझाउनु पर्ने व्यक्ति बिरामी परी अशक्त भएमा निको भएको मितिले सात दिनसम्म,

(ख) कर बुझाउनु पर्ने व्यक्तिले क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले सात दिनसम्म,

(ग) कर बुझाउनु पर्ने स्वास्नी मानिस सुत्केरी भएमा सुत्केरी भएको मितिले पैंतीस दिनसम्म,

(घ) कर बुझाउनु पर्ने व्यक्तिको मृत्यु भएमा वा बौलाएमा वा बेपत्ता भएमा त्यस्तो भएको मितिले पैंतीस दिनभित्र निजको हकवाला वा संरक्षकले निवेदन गरेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनसम्म,

(ङ) बाढी, पहिरो, हिउँ वा अन्य त्यस्तै कारणबाट बाटो बन्द भै मूल्य अभिवृद्धि कर कार्यालयमा आउन नसकेको अवस्थामा बाटो खुलेको मितिले सात दिनसम्म,

(च) यातायातको साधन पूर्ण रुपमा बन्द भई आउन नसक्ने अवस्था भएमा त्यस्तो बन्द समाप्त भएको भोलिपल्ट सम्म ।

(२) उपनियम (१) को खण्ड (ख), (ग) (घ) र (ङ) मा उल्लेख भए बमोजिम काबू बाहिरको परिस्थिति परी थप म्याद माग्नु परेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (च) मा उल्लेख भए बमोजिमको अवस्था परी थप म्याद माग्न आउँदा जुन ठाउँमा यातायातको साधन बन्द भएको हो सो ठाउँसंग सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत पेश गर्नु पर्नेछ ।

३६. **थप दस्तुर मिनाहाको लागि निवेदन दिने म्याद**: (१) ऐनको दफा १९ को उपदफा (४) बमोजिम थप दस्तुर मिनाहाको लागि कर तिर्नु पर्ने म्याद भुक्तान भएको मितिले तीस दिनभित्र महानिर्देशक समक्ष अनुसूची-१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र निवेदन नदिएमा थप दस्तुर मिनाहा दिइने छैन ।

३७. **कर निर्धारणको अवधि**: ऐनको दफा २० को उपदफा (४) बामेजिमको अवधि गणना गर्दा करको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ ।

३८. .....[१३१]

परिच्छेद-८
कर कट्टी तथा कर फिर्ता सम्बन्धी व्यवस्था

३९. **कर कट्टी गर्न पाइने**: (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा संकलन गरेको करबाट सो महीना वा सोभन्दा अगाडि आफ्नो कर लाग्ने वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न पाउनेछ :-

(क) कर कट्टी दावी गरिएको वस्तु वा सेवा कर योग्य व्यवसायसंग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा ।

(ख) आन्तरिक खरीद गरिएको भए नियम १७ बमोजिमको कर बिजक प्राप्त गरेको भएमा ।

(ग) आयात गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने आयात सम्बन्धी कागजातहरु भएमा ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "आयात सम्बन्धी कागजातहरु" भन्नाले प्रज्ञापनपत्र, नगदी रसीद, सामानको बिजक तथा भंसारको बाटो भई आयत नहुने सेवाको आपूर्तिको हकमा सेवाको विजक[१३२] र विभागले समय समयमा तोकेको तत्सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्छ ।

(२) यस नियम बमोजिम कर कट्टी गर्दा एकपटक मात्र गर्न पाइनेछ । यसरी कर कट्टी गर्दा दाबी गरिएको मितिभन्दा एक वर्ष अगाडिसम्मको बिजक वा आयातसंग सम्बन्धित कागजातहरु हुनु पर्नेछ ।

(३) दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले वस्तु बिक्री गर्दा संकलन गरेको करबाट वस्तु खरीद वा आयात गर्दा तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरणसाथ कर कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(४) दर्ता भएको व्यक्तिले खरीद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको जति रकम अर्को कर अवधिमा कट्टी गर्न पाउनेछ । यसरी अर्को कर अवधिमा कट्टी गर्न पाउने रकम लगातार छ महीनासम्म बाँकी रहेमा एकमुष्ट फिर्ता पाउन निजले अनुसूची-१४ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । यस्तो दरखास्त प्राप्त भएपछि कर अधिकृतले नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ ।

(५) दर्ता भएको व्यक्तिले कुनै महीनामा बिक्री गरेको कूल मासिक बिक्रीको पचास प्रतिशतभन्दा बढी निर्यात गरेमा सो महीनाका लागि बढी भएको कट्टी गर्नु पर्ने कर फिर्ता पाउन निजले अनुसूची-१५ बमोजिमको ढाँचामा निर्यातसँग सम्बन्धित आवश्यक कागजातहरु समेत संलग्न राखी कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । कर अधिकृतले त्यस्तो दरखास्त प्राप्त गरेपछि नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ । यसरी बाँकी कर फिर्ता दिने निर्णय गर्दा कर अधिकृतले देहायका कुराहरुमा ध्यान दिनु पर्नेछ:-

(क) खरीद वा आयातमा कर तिरेको छ छैन ।

(ख) पहिले पेश गर्नु पर्ने कर विवरण पेश गरेको छ छैन र पेश गरेको भए त्यस्तो कर विवरणबाट कर फिर्ताको दावी पुष्टि हुन्छ हुँदैन ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "निर्यातसंग सम्बन्धी कागजातहरु" भन्नाले वस्तु विनिमयको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतितपत्र र आयात

---

[१३१] दशौं संशोनले खारेज गरेको, संशोधन भन्दा पहिले निम्न व्यवस्था थियो :

"३८. **कर असूली गर्ने म्याद**: ऐनको दफा २१ को उपदफा (२) बमोजिम म्यादको गणना गर्दा पुनरावेदन परेको भए त्यस्तो पुनरावेदन भएको मितिदेखि निर्णय नभएसम्मको अवधि समावेश हुने छैन ।"

[१३२] सातौं संशोधनले थप ।

प्रमापत्र र निर्यातको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र र प्रतितपत्र सम्झनु पर्छ [१३३]।

३९क.[१३४] **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने :** (१)[१३५] कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोग गर्ने म्याद सकिएको कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनमा विभागले तोकिदिएको छानविन समितिले छानविन गर्दा नोक्सान भएको देखेमा त्यस्तो नोक्सानी भएको वस्तुमा तिरेको कर एक लाख रुपैयाँसम्मको भए सम्वन्धित कार्यालयको निर्णयवाट कर कट्टी गर्न पाउनेछ र सो भन्दा वढी कर[१३६] कट्टी गर्नको लागि नोक्सानीको विवरण समेत खुलाई विभाग समक्ष सिफारिश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिश प्राप्त भएमा विभागले त्यस्तो वस्तुमा तिरेको कर वा कम मूल्यमा विक्री गरेकोमा विक्रीबाट उठेको कर रकम भन्दा वढी भएको हदसम्मको तिरेको कर कट्टी गर्न दिने गरी निर्णय गर्न सक्नेछ ।

(४)[१३७] उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि वीमा गरिएको वस्तुको नोक्सानीको हकमा सम्वन्धित कार्यालयले नै क्षतिपूर्ति वापत प्राप्त गरेको रकमको हदसम्म कर कट्टी गर्न दिने निर्णय गर्न सक्नेछ ।

४०. **कर कट्टी सम्बन्धी अन्य व्यवस्था:** (१) कर कट्टी गरिएको वस्तुहरु स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरु कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ । कर अधिकृतले त्यस्ता वस्तुहरु हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ ।

(२) उपनियम (१) बमोजिम बिक्री भएका वस्तुहरुमा लाग्ने कर दाखिल गर्न सम्बन्धित करदातालाई कर अधिकृतले आदेश दिन सक्नेछ । त्यस्तो कर रकम कर अधिकृतले तोकेको महीनाको कर विवरण संग दाखिल गर्नु पर्नेछ ।

तर कर अधिकृतको विचारमा त्यस्तो कर तत्काल असूल नगरे असूल हुन नसक्ने अवस्था छ भने तुरुन्त करदाताबाट दाखिल गर्न लगाउन सक्नेछ ।

(३) कुनै करदाताले करलाग्ने वस्तु वा सेवा तथा कर छुट भएका वस्तु वा सेवा दुबैको कारोबार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासंग प्रत्यक्ष रुपमा सम्बन्धित खरीद वा आयातमा तिरेको कर मात्र कट्टी गर्न पाउनेछ ।

(४) कर लाग्ने वा कर छुट भएको दुबै प्रकारका वस्तु वा सेवाको कारोबार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको बिक्रीसंग खरीद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री गरेको कुल मूल्य

---

[१३३] सातौ संशोधनले संशोधन । सो भन्दा पहिले निम्न व्यवस्था थियो :

"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "निर्यातसंग सम्बन्धी कागजातहरु" भन्नाले वस्तु विनिमय वाहेकको निर्यातको हकमा निर्यात प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र, प्रतितपत्र, उत्पत्तिको प्रमाणपत्र र समय समयमा विभागले तोकिदिएको तत्सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्छ र वस्तु विनिमयको हकमा भुक्तानी प्रमाणपत्रको सट्टा आयात प्रज्ञापन पत्र सम्झनु पर्छ ।"

[१३४] चौथो संशोधनले थप ।

[१३५] दशौं संशोधनले संशोधन, चौथो संशोधनले थप गर्दा निम्न व्यवस्था गरेको थियो :

"(१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना वा टुटफुट हुनगई नोक्सान भएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ । "

[१३६] दशौं संशोधनले थप ।

[१३७] दशौं संशोधनले थप ।

मध्ये कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट खरीद वा आयातमा तिरेको कर कट्टी गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम करको गणना गर्दा समानुपातिक रुपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को बैकल्पिक तरीकाद्वारा गणना गर्न विभागसंग निर्देशन माग गर्न सक्नेछ ।

४१. **कर कट्टी गर्न नपाईने वस्तु वा सेवाहरु:** (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरुको हकमा कर कट्टी गर्न पाईने छैन:-

(क) पेय पदार्थ,

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, वीयर,

(ग) सवारी साधनको लागि हल्का पेट्रोलियम (पेट्रोल) इन्धन,

(घ) मनोरञ्जन खर्च,

(२) देहायका वस्तुहरुमा देहाय बमोजिम अनुपातमा कर कट्टी गर्न पाइनेछ:-

(क)[१३८] .....

(ख) अटोमोवाइल्समा खरीद मूल्यको ४० प्रतिशत ।

(ग)[१३९] .....

स्पष्टीकरण: खण्ड (ख) को प्रयोजनको लागि "अटोमोवाइल्स" भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पांग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ ।

(३) दर्ता भएको व्यक्तिले उपनियम (१) वा (२) को आपूर्ति गर्ने कार्य नै मुख्य रुपमा गर्ने भएमा यस नियमावलीमा व्यवस्थित प्रक्रिया बमोजिम कर कट्टी गर्न बाधा पर्ने छैन ।

४२. **बिक्री कर कट्टी सम्बन्धी व्यवस्था:** ऐन प्रारम्भ हुनुभन्दा अगाडि देहाय बमोजिमका मौज्दातमा रहेका वस्तुहरुमा तिरेको बिक्री कर मात्र कट्टी गर्न पाइनेछ :-

(क) पुन: बिक्रीको लागि करदाताले ल्याएका वस्तुहरुमा,

(ख) व्यापारको लागि आंशिक रुपमा उत्पादित तथा सह उत्पादित वस्तुहरु तथा सेवाहरुमा,

(ग) कच्चा पदार्थ, सहायक कच्चा पदार्थहरु र पैकिंग वस्तुहरुमा ।

४३. **निवेदन दिनु पर्ने:**[१४०] (१) करदाताले आफू दर्ता हुँदाका वखत मौज्दातमा रहेका वस्तुमा लागेको कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ..... कर कट्टीको दावी गर्दा ..... कर तिरेको बिजकहरु र अन्य प्रमाण कागजातहरु समेत आफू दर्ता भएको पन्ध्र दिनभित्र पेश गर्नु पर्नेछ । यस नियममा उल्लिखित प्रमाण कागजातको अभावमा उपनियम (१) बमोजिम कर कट्टी गर्न दिइने छैन[१४१] ।

---

[१३८] पाचौ संशोधनले झिकेको, सो भन्दा पहिले निम्न व्यवस्था थियो :
"(क) सबै प्रकारका हवाई जहाजमा खरीद मूल्यको ४० प्रतिशत ।"

[१३९] पाचौ संशोधनले झिकेको, सो भन्दा पहिले निम्न व्यवस्था थियो :
"(ग) कम्प्यूटरमा खरीद मूल्यको ६० प्रतिकशत ।"

[१४०] पाचौ संशोधनले संशोधन, संशोधनभन्दा पहिले निम्न व्यवस्था थियो :
"(१) करदाताले आफू दर्ता हुंदा मौज्दातमा रहेको बिक्रीकर तिरिसकेका वस्तुमा लागेको विक्रीकर साविक मास्केवारी अनुसार विक्रीकर कट्टी हुन वांकी रहेको अंश तथा कर लाग्ने कारोवारमा तिरेको कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढांचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।"

[१४१] पाचौ संशोधनले ठाउठाउमा रहेको "बिक्रीकर वा" भन्ने वाक्यांश झिकेको ।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा संशोधन वा खारेज भएमा वा त्यस्तो कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारवाई गर्न सक्नेछ ।

(४) यस नियम बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले उपनियम (१) बमोजिम दाबी गरेको रकम नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ ।

४४. **प्रयोग भैसकेका वस्तुहरुको कर कट्टी सम्बन्धी व्यवस्था:** ऐनको दफा १७ को उपदफा (५) को प्रयोजनको लागि प्रयोग भै सकेका वस्तुहरु मध्ये दर्ता नभएको व्यक्तिसँग खरीद गरेका वस्तुहरु र दर्ता भएको व्यक्ति भए पनि ऐनको दफा १७ मा परेका र व्यक्तिगत प्रयोगमा समेत ल्याइएका वस्तुहरुको खरीदमा तिरेको कर कट्टी गर्न पाइने छैन ।

४५. **कर फिर्ता सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा २४ को उपदफा (३) र (४) वा दफा २५ को प्रयोजनको लागि कर फिर्ता दिंदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरु तुरुन्त छानवीन गरी दर्ता भएको मितिले तीस दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(२) ऐनको दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम प्राप्त हुन आएको प्रमाणहरु[१४२] पुनः छानवीन गर्नु पर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ । फिर्ता दिंदा बीस हजार रुपैयाँभन्दा बढी भएमा निजको बैंक खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा क्रमशः अनुसूची-१७, अनुसूची-१८ र अनुसूची-१९ को ढाँचामा सोझै विभागमा निवेदन दिनु पर्नेछ ।

४६. **फिर्ता नहुने:** ऐन र यस नियमावली बमोजिम .....[१४३] नक्कल लिनु पर्ने निर्णय आदेश, फैसला, पर्चा वा अन्य कागजातहरु लेखा अवधि समाप्त भएको मितिले तीन वर्षभित्र निवेदन नदिएमा दिईने छैन ।

४७ **ब्याजको दर** : ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनकोलागि नेपाल सरकारले दिने ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ । यस्तो ब्याज रकम ऐनको दफा २४ को उपदफा (३) र (४) वमोजिम फिर्ता माग गरेको मितिले साठी दिनपछि मात्र गणना गरिनेछ ।[१४४]

परिच्छेद-९
आयात निर्यात सम्बन्धी व्यवस्था

४८. **आयातमा कर लाग्ने:** (१) नेपाल अधिराज्यभित्र आयात हुने वस्तु वा सेवामा[१४५] नेपालभित्र आपूर्ति भएको वस्तु वा सेवामा[१४६] लाग्ने दरले कर लाग्नेछ ।

(२) आयात हुने वस्तु वा सेवामा कर निर्धारण गर्ने प्रयोजनको लागि मूल्य कायम गर्दा ऐनको दफा १२ को उपदफा (५) र (६) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गरिनेछ ।

---

[१४२] दशौं संशोधनले "यसरी प्राप्त हुन आएको प्रमाणहरु" भन्ने वाक्यांशको सट्टा राखेको ।

[१४३] आठौं संशोधनले "फिर्ता दिनु पर्ने रकम" भन्ने वाक्यांश झिकेको .

[१४४] दोस्रो संशोधनले संशोधन गरेको, सो भन्दा पहिले निम्न व्यवस्था थियो :

"४७. **ब्याजको दर** : ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनको लागि नेपाल सरकारले दिने ब्याजको दर एक वर्षको अवधिमा भुक्तानी हुने सरकारी ऋणपत्रमा दिने व्याज दर सरह हुनेछ । यस्तो व्याज रकमको ऐनको दफा २४ को उपदफा (३) र (४) अनुसार फिर्ता माग गरेको मितिले साठी दिनपछि मात्र गणना गरिनेछ ।"

[१४५] सातौं संशोधनले "वस्तुमा" भन्ने शब्दको सट्टा .

[१४६] सातौं संशोधनले "वस्तुमा" भन्ने शब्दको सट्टा ।

(३) आयात भएको वस्तुको मूल्य आयात हुँदाका अवस्थामा कायम गर्न नसकिएमा त्यस्ता वस्तुहरुमा लाग्ने सबै प्रकारका कर वा महसूललाई पुग्ने गरी धरौटी लिएर मात्र त्यस्ता वस्तु नेपाल अधिराज्यभित्र ल्याउने अनुमति दिइनेछ । दर्ता भएको व्यक्तिले आयात गरेको वस्तु वा सेवाको मूल्य कायम नभएसम्म त्यस्तो वस्तु वा सेवामा तिरेको कर कट्टी गर्न पाउने छैन ।

(४) कुनै वस्तु आयात गर्दा धरौटी राखी आयात गरिएको भए मूल्य एकीन भएको मितिले एक वर्षसम्म मात्र कर कट्टी दाबी गर्न सकिनेछ ।

४९. **अस्थायी आयात सम्बन्धी व्यवस्थाः** (१) भन्सार महसूल नलाग्ने गरी पछि फिर्ता हुने शर्तमा आयात भएका वस्तुहरुमा भन्सारले कायम गरेको अनुमानित मूल्यका आधारमा पछि माल वा वस्तु फिर्ता भएपछि धरौटी रकम फिर्ता हुने गरी लाग्ने कर वापत धरौटी लिई आयात गर्न अनुमति दिइनेछ ।

(२) अस्थायी आयात महसूल लाग्ने गरी अस्थायी रुपमा आयात भएका माल वा वस्तुमा महसूलमै कर लाग्नेछ ।

५०. **महानिर्देशकले रेखदेख र व्यवस्थापन गर्न सक्नेः** ऐनको दफा २८ बमोजिम असूली हुने करको रेखदेख र व्यवस्थापन महानिर्देशकबाट हुनेछ[१४७] । महानिर्देशकले आवश्यक देखेमा आयात भएको वस्तु वा सेवाको सम्बन्धमा अनुगमन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको काम कारवाही गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछः-

(क) आयात भएको माल वा वस्तुको नमूना लिई उचित र पर्याप्त किसिमबाट कर लगाइएको कुराको निश्चित गर्ने र त्यस्तो नमूना लिएको सामान उचित समयभित्र सम्बन्धित करदातालाई फिर्ता दिने,

(ख) उचित समयमा कारोबारसंग सम्बन्धित स्थल, घर, गोदाम, पसल आदिमा प्रवेश गर्ने, निरीक्षण गर्ने, तलासी लिने तथा सम्बन्धित व्यक्तिसंग सोधपुछ गर्ने,

(ग) खरीद, बिक्री वा पैठारीसंग सम्बन्धित कागजातहरु आफ्नो कब्जामा लिने, नक्कल लिने, निरीक्षण गर्ने, हटाउने तथा सम्बन्धित करदाताको अनुरोधमा उचित देखिएमा उचित समयभित्र हटाइएका कागजातहरुको सूची र अन्य कागजातहरु फिर्ता दिने ।

५१. **आयातमा प्राप्त भएको रकमको विशेष व्यवस्थाः** (१) ऐनको दफा २४ र २५ को प्रयोजनको लागि भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कर कोषको खातामा दैनिक रुपमा जम्मा गर्नु पर्नेछ र सोको विवरण भन्सार कार्यालयले तीन दिनभित्र नजीकको मूल्य अभिवृद्धि कर कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई बाँकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(३) कोषको संचालन गर्ने, बैंक खाता खोल्ने, कोषबाट खर्च लेख्ने र राजस्व जम्मा गर्ने कार्यविधि महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

परिच्छेद-१०
सम्पति रोक्का, लिलाम विक्री र खान तलासी सम्बन्धी व्यवस्था

५२. **सम्पत्ति रोक्का सम्बन्धी व्यवस्थाः** (१) ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने कर, दस्तूर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ अन्तर्गत अनुसूची-२० मा उल्लेख भए बमोजिम महानिर्देशकबाट अनुमति प्राप्त गरी बक्यौता कर, दस्तूर, जरीवाना र ब्याज असूल गर्नेछ ।

---

[१४७] दोस्रो संशोधनले " हुने व्यवस्था गर्न नेपाल सरकारले नेपार राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ" भन्ने वाक्यांशको सट्टा राखेको ।

(२) उपनियम (१) को प्रयोजनको निमित्त करदाताको सम्पत्ति कब्जा वा लिलाम गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) सूचना दिईसकेपछि करदाताको चल वा अचल सम्पत्ति कर दाखिल नगरेसम्म बिक्री वितरण वा हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित कार्यालयमा रोक्का गर्न लेखी पठाउने ।

(ख) करदाताको कुनै सम्पत्ति कुनै व्यक्ति विशेषको संरक्षणमा वा साथमा छ भन्ने कर अधिकृतले थाहा पाएमा त्यस्तो सम्पत्ति रोक्का गर्न सम्बन्धित व्यक्तिलाई कर अधिकृतले यस नियमको अधीनमा रही आदेश दिने ।

५३. **लिलाम बिक्री सम्बन्धी व्यवस्थाः** (१) नियम ५२ बमोजिमको कारवाई गर्दा पनि कर असूल नभएमा कर अधिकृतले देहाय बमोजिमको प्रक्रिया पुऱ्याई करदाताको सम्पत्ति पूर्ण वा आंशिक रुपमा लिलाम बिक्री गरी कर असूल गर्न सक्नेछः-

(क) लिलाम बिक्री गर्नु पर्ने सम्पत्ति एकीन गरी सो सम्पत्ति र लिलाम बिक्री गर्नु पर्ने कारण तथा लिलाम बिक्री हुने स्थान र मिति समेत उल्लेख भएको सूचना लिलाम हुने मितिभन्दा कम्तिमा पन्ध्र दिन अगावै सार्वजनिक रुपमा प्रकाशित गर्ने ।

(ख) लिलाम गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको गाउँ विकास समिति वा महा । उप-महा । नगरपालिकाको एक जना प्रतिनिधि वा नजीकको सरकारी कार्यालयको एक जना प्रतिनिधि र सम्भव भएसम्म करदाता वा निजको प्रतिनिधि समेतलाई साक्षी राख्ने ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट सर्वप्रथम लिलाम सम्बन्धी सम्पूर्ण खर्च असूल गरी बाँकी रहन आएको रकमबाट करदाताले तिर्नु पर्ने कर, दस्तुर, जरीवाना र ब्याजको रकम असूल उपर गरी बढी भएजति रकम करदातालाई फिर्ता गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि करदाताको सम्पत्ति लिलाम हुनु अगावै करदाताले लिलाम सम्बन्धी सम्पूर्ण खर्च, तिर्न बुझाउन पर्ने कर, दस्तुर, जरीवाना र ब्याज समेतको सम्पूर्ण रकम दाखिल गर्न ल्याएमा असूल उपर गरी लिलाम बिक्री बन्द गर्नुपर्नेछ ।

(४) नियम ५२ मा जुनसुकै कुरा लेखिएको भएतापनि करदाताले तिर्नुपर्ने कर असूल गर्न बाँकी छँदै कुनै बैंक वा वित्तीय संस्थामा निजको नाममा रकम जम्मा भएको जानकारी कर अधिकृतलाई प्राप्त भई त्यस्तो रकम असूल भएमा सो बाँकी कारवाही बन्द गर्नु पर्नेछ ।

(५) आंशिक असूली हुने भएमा क्रमशः लिलाम सम्बन्धी खर्च, ब्याज, दस्तूर, जरीवाना र करको रकम असूल गरिनेछ ।

५४. **तुरुन्त लिलाम गर्नेः** नियम ५२ बमोजिम सम्पत्ति रोक्का रहेको सम्बन्धमा कुनै अदालतमा निवेदन वा पुनरावेदन परी रोक्का रहने अवधि लामो हुन गई रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने वा नष्ट हुने देखिएमा कर अधिकृतले त्यस्तो माल वा वस्तु तुरुन्त लिलाम बिक्री गरी आएको रकमको आम्दानी बाध्नु पर्नेछ र रोक्का रहेको रकम पछि अदालतको निर्णयबाट करदाताले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएको रकम मात्र निजलाई फिर्ता दिइनेछ । करदाताले माल वा वस्तु नै पाउँ भनी दाबी गर्न सक्ने छैन ।

५५. **खान तलासीको कार्यविधिः** (१) ऐनको दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम खानतलासी लिनु पर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जुन विषयको सम्बन्धमा खानतलासी गर्न लागेको हो सो विषयसँग सम्बन्धित कुनै कागजात वा वस्तु कुनै घर वा अरु कुनै ठाउँमा फेला पर्ने सम्भावना छ भनी विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण भएमा र सो वस्तु सो घर वा ठाउँको तुरुन्त तलासी नलिएको खण्डमा प्राप्त नहुने आशंका भएमा वा जाँच गर्न तत्कालै आवश्यक भएमा कर अधिकृतले आफै वा अन्य कर्मचारी खटाई त्यस्तो घर वा स्थानको तलासी लिन वा लिन लगाउन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम तलासी लिने घर वा स्थलमा बसोबास गरिआएका वा सो घर वा स्थलको धनी वा संरक्षकलाई तलासी लिने व्यक्तिले तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्नेछ र सो बमोजिम सूचना पाएपछि त्यस्तो व्यक्तिले तलासी लिन आउने व्यक्तिलाई त्यस्तो घर वा स्थलमा प्रवेश गर्न दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम तलासी लिने घर वा ठाउँमा बस्ने व्यक्ति वा धनी वा संरक्षकले तलासी लिन आएका व्यक्तिलाई यस्तो घर वा स्थलमा प्रवेश गर्न नदिएमा तलासी लिने व्यक्तिले सो घर वा स्थलमा रहे बसेका स्वास्नी मानिसहरुलाई त्यहाँबाट हट्ने सूचना र मनासिव समय दिई आवश्यकता अनुसार कुनै भ्याल ढोका, छेस्कीनी खोली, तोडी भित्र पसी तलासी लिन सक्नेछ ।

(घ) खण्ड (ग) बमोजिम तलासी लिंदा सम्बन्धित गाउँ विकास समिति, महा । उप-महा । नगरपालिकाको कम्तिमा एक जना सदस्य वा स्थानीय दुई जना व्यक्ति वा घरधनी वा उसको एक जना प्रतिनिधि वा कुनै एक जना साक्षी राखी तलासी लिनु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम साक्षी बस्ने मानिस फेला नपरेमा वा साक्षी वस्न इन्कार गरेमा सोही व्यहोराको कैफियत जनाई तलासी लिने व्यक्तिले सही छाप गरेपछि खण्ड (ग) को प्रक्रिया पूरा भएको मानिनेछ ।

(च) यस नियम बमोजिम तलासी लिंदा कुनै मानिसको शरीरको तलासी लिनु परेमा सो समेत लिन सकिनेछ र तलासी लिनु पर्ने व्यक्ति स्वास्नी मानिस भएमा निजको तलासी स्वास्नी मानिसबाटै लिनु पर्नेछ ।

(छ) यस नियम बमोजिम तलासी लिंदा प्राप्त भएका मालवस्तु वा कागजातको विवरण तयार गरी तीन दिनभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद-११
विविध

५६. **नेपाल अधिराज्यभित्र आपूर्ति हुने वस्तु वा सेवाको सम्बन्धमाः** नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संघ, संस्था वा कार्यालय वा संवैधानिक निकायले नेपाल अधिराज्यभित्र एकपटकमा पाच हजार रुपैयाँभन्दा[१४८] बढीको कर लाग्ने वस्तु खरीद गर्दा वा सेवा प्राप्त गर्दा दर्ता भएको व्यक्तिसँग मात्र गर्नुपर्नेछ ।

५७. **कुटनैतिक सुविधा सम्बन्धमाः** ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि कुटनैतिक सुविधाप्राप्त व्यक्तिले परराष्ट्र मन्त्रालयले दिएको निस्सा समेत संलग्न राखी करको रकम फिर्ता पाउन विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

५८. **निशुल्क सहयोग र सूचनाः** नेपाल सरकारले देहायका सहयोग तथा सूचना निशुल्क प्रदान गर्नेछः-

(क) कर प्रयोजनको निमित्त अपनाउनु पर्ने प्रक्रियाहरुको जानकारी,

(ख) करदाता शिक्षा सम्बन्धी प्रकाशनहरु ।

५८क.[१४९] **कर सहयोगी राख्ने** : (१) करदाताले कर सम्बन्धमा आवश्यक जानकारी तथा सहयोग लिन कर सहयोगी राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कर सहयोगीको लागि आवश्यक पर्ने योग्यता, निजको स्तर लगायत अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ ।

५९. **मूल्य अभिवृद्धि कर सम्बन्धी बहस पैरवीः** कर सम्बन्धी कुनै मुद्दाको बहस पैरवी गर्नु पर्ने भए सरकारी वकीलबाट हुनेछ ।

---

[१४८] पाचौ संशोधनले "दश हजार रुपैयाभन्दा" भन्ने वाक्यांशको सट्टा राखेको ।

[१४९] आठौं संशोधनले थप ।

६०. **परिचयपत्रको ढाँचा:** कर अधिकृतको परिचयपत्रको ढाँचा अनुसूची-२१ बमोजिम हुनेछ ।

६१. **निर्देशिका बनाउने:** ऐन तथा यो नियमावली कार्यान्वयन गर्न नेपाल सरकार अर्थ मन्त्रालयले आवश्यक निर्देशिकाहरु बनाई जारी गर्न सक्नेछ ।

६२. **अनुसूचीमा थपघट तथा हेरफेर:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरुमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

६३. **खारेजी र बचाऊ:** (१) देहायका नियमहरु खारेज गरिएका छन्:

(क) मनोरञ्जन कर नियमहरु, २०१८ ।

(ख) बिक्रीकर नियमहरु, २०२४।

(ग) ठेक्काकर नियमावली, २०२४ ।

(२) उपनियम (१) मा उल्लेखित नियमहरु बमोजिम भए गरेको काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछन् ।

अनुसूची–१*

(नियम ३ को उपनियम (१) र (२) संग सम्वन्धित)

नेपाल सरकार
आन्तरिक राजस्व विभाग
स्थायी लेखा नम्बर (PAN) का लागि दरखास्त
<u>व्यक्तिगत</u>

रू.५।-को टिकट टांस्ने।

खण्ड (क)

श्री प्रमूख न्यू,
आन्तरिक राजश्व कार्यालय, ...।।
म, निम्नानुसार विस्तृत विवरणसहित ☐ आयकरका लागि मात्र वा ☐ आयकर तथा मूल्य अभिबृद्धि करका लागि दर्ता गर्न चाहन्छु। यस फाराममा उल्लेख गरेका विवरणहरू मैले जानेबुझेसम्म ठीक छन्।

PAN | | | | | | | | | |
कार्यालय प्रयोजनको लागि मात्र

* चिन्ह लागेको महल तपाईलाई लागुहुने भएमा मात्र भर्नुहोला।

१. आवेदकको परिचय

क) व्यक्तिको नाम

	पहिलो	बीचको	थर
नेपाली			
अंग्रेजी			

ख) जन्म मिति

ग) लिङ्ग ☐ पुरूष ☐ महिला

घ) राष्ट्रियता

ङ) करदाताको परिचय गराउने कागजात

कागजातको किसिम	परिचय पत्र नं.	जारी गर्ने कार्यालय र स्थान	जारी गरेको मिति

२. पारिवारिक विवरण

क) पति/पत्नी/बाबु/बाजे/संरक्षक

	पहिलो	बीचको	थर
पति/पत्नी*			
बाबु			
बाजे			
संरक्षक*			

३. ठेगाना

	स्थायी		पत्राचार गर्ने ठेगाना *
घर नं./ल्बक नं./वडा नं./टोल			
☐म ☐उप-म ☐नपा ☐गाविस			
जिल्ला			
क्षेत्र			
टेलिफोन नं.			पो.ब.नं.
फ्याक्स्*		ई- मेल*	

४.व्यवसायिक विवरण

	कार्यालय प्रयोजनको लागि मात्र

के तपाइले आयकर तिर्न छुट पाउनु भएको छ? ☐ छ ☐ छैन

छ भने कहिले देखि | | | |

* पाचौ संशोधनले संशोधन गरेको ।

५. ब्यवसायिक विवरण (उपयुक्त अनुमान दिनुहोस्)

	गत १२ महिनाको कारोवार	आगामी ३ महिनाको अनुमान
कूल कर लाग्ने कारोवार (निकासी समेत)		
कूल आयकर नलाग्ने कारोवार (निकासी समेत)		
कूल मू.अ.क. नलाग्ने कारोवार (निकासी समेत)		
कूल प्राप्त रकम		
कूल निर्धारणयोग्य आय		
कूल करयोग्य आय		
कूल निकासी		

यदि तपाईको नाममा दर्ता भएका फर्महरू भए अनुसूचि १ मा उल्लेख गर्नु होस्।

६. सर्म्पक व्यक्ति (आवेदक भन्दा फरक भएमा मात्र)

	पहिलो	वीचको	थर
नाम (नेपाली)			
नाम (अंग्रेजी)			
पद			
टेलिफोन			
फ्याक्स्*		ई- मेल*	

७. मूल्यअभिबृद्धि कर दर्ता

क) के तपाई स्वइच्छाले दर्ता गर्नु चाहनु भएको हो ? ☐ हो ☐ होइन दर्ता लागु हुने मिति

ख) मु.अ.क. सम्पर्क व्यक्ति (यदि माथि नं ६ मा उल्लेख गरिएको व्यक्ति वाहेक भए मात्र उल्लेख गर्नु होस्)

	पहिलो	वीचको	थर
नाम (नेपाली)			
नाम (अंग्रेजी)			
पद			
टेलिफोन			
फ्याक्स *		ई-मेल*	

८. आयकर दर्ता नं.	९. मू.अ.क. करदाता दर्ता नं.	१०. निवेदन मिति

११. आवेदकको दस्तखत	१२. औंठाको छाप	
	दायां	बायां

१३. कार्यालय प्रयोजनको लागि मात्र

(निवेदकले भर्नु नपर्ने)

आयकर

आयकर छुट पाएको हो ?	☐ हो				
दर्ता लागू हुने मिति					
स्वीकृत गर्ने अधिकृत		मिति			
आन्तरिक राजश्व कार्यालय					
बिदेशीको हकमा धरौटी राखेको रकम					

मूल्यअभिबृद्धि कर

दर्ता लागू हुने मिति	
आन्तरिक राजश्व कार्यालय (एरिया कोड)	
मू.अ.क.विवरण दाखिला गर्ने समय	

रू.५।-को टिकट टांस्ने।

स्थायी लेखा नम्बर (PAN) को लागि दरखास्त

साझेदारी फर्म / प्राइभेट लि.क. / पब्लिक लि. क. / सार्वजनिक संस्थान / सहकारी / परोपकारी संस्था / अस्पताल / शैक्षिक संस्था / गैर सरकारी संस्था / अन्तराष्ट्रिय गैर सरकारी संस्था

खण्ड (ख)

श्री प्रमूख ज्यू ।
आन्तरिक राजश्व कार्यालय, ... ।
म, निम्नानुसार विस्तृत विवरणसहित ☐ आयकरका लागि मात्र वा ☐ आयकर तथा मुल्य अभिबृद्धि करका लागि दर्ता गर्न चाहन्छु । यस फाराममा उल्लेख गरेका विवरणहरू मैले जानेबुझेसम्म ठीक छन् ।

PAN ☐☐☐☐☐☐☐☐☐
कार्यालय प्रयोजनको लागि मात्र

* चिन्ह लागेको महल तपाईलाई लागू हुने भएमा मात्र भर्नुहोला ।

१. आवेदकको परिचय

क) आवेदकको नाम

नेपाली	
अंग्रेजी	

ख) दर्ता विवरणहरू

दर्ता मिति	कार्यालय र स्थान	दर्ता नं.

ग) कारोवार सुरू मिति वा सुरू हुने मिति

२. मुख्य कार्यालयको ठेगाना

	स्थान		पत्राचार गर्ने ठेगाना *
घर नं. /ल्बक नं.			
वडा नं.			
टोल			
☐म ☐उप-म ☐नपा ☐गाविस			
जिल्ला			
क्षेत्र			
टेलिफोन नं.			पो.ब.नं
फ्याक्स्*		ई- मेल*	

३. कारोवारको मुख्य स्थान

(यदि मुख्य कार्यालय भन्दा फरक भएमा मात्र भर्नु होस्)

	स्थान		पत्राचार गर्ने ठेगाना *
घर नं. /ल्बक नं. /वडा नं. /टोल			
☐म ☐उप-म ☐नपा ☐गाविस			
जिल्ला			
क्षेत्र			
टेलिफोन नं.			पो.ब.नं
फ्याक्स्*		ई- मेल*	

४. व्यवसायिक संस्थाका प्रकार

९एउटामा मात्र चिन्ह √ लगाउनुहोस्)

☐ प्राइभेट लि.कं. ☐ पब्लिक लि. कं. ☐ सहकारी
☐ सार्वजनिक संस्थान ☐ साझेदारी फर्म ☐ परोपकारी संस्था
☐ गैर सरकारी संस्था ☐ शैक्षिक संस्था ☐ अस्पताल
☐ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था ☐ अन्य))

यदि साझेदारी फर्म हो भने अनुसुचि ३ मा उल्लेख गर्नु होस्

५. व्यवसायिक विवरण

	कार्यालय प्रयोजनको लागि			

व्यवसायका शाखा वा शाखाहरू छन् ☐ छैनन् ☐ यदि व्यवसायका शाखा वा शाखाहरू छन् भने, अनुसुचि २ भर्नुहोस्।

के तपाईले आयकर छुट पाउनु भएको छ रु ☐ छ ☐ छैन छ भने
कहिले देखि

६. व्यवसायिक विवरण (उपयुक्त अनुमान दिनुहोस्)

	गत १२ महिनाको कारोवार	आगामी ३ महिनाको अनुमान
कूल कर लाग्ने कारोवार (निकासी समेत)		
कूल आय कर नलाग्ने कारोवार (निकासी समेत)		
कूल मू.अ.क. नलाग्ने कारोवार (निकासी समेत)		
कूल प्राप्त रकम		
कूल निर्धारणयोग्य आय		
कूल करयोग्य आय		
कूल निकासी		

७. प्रबन्ध निर्देशक / प्रमुख कार्यकारी अधिकृत

क) नाम

	पहिलो	वीचको	थर
नेपाली			
अंग्रेजी			

ख) नियुक्ति मिति

ग) राष्ट्रियता

घ) परिचय गराउने कागजात

कागजातको प्रकार	परिचय-पत्र नं.	जारी गर्ने कार्यालय तथा स्थान	जारी गरेको मिति

ङ) ठेगाना

	स्थायी	पत्राचारगर्ने ठेगाना
घर नं./ब्लक नं./वडा. नं./टोल		
☐म☐उप-म☐नपा☐गाविस		
जिल्ला		
टेलिफोन नं./ फ्याक्स् *	ई- मेल*	पो.ब.नं.

८. आयकर प्रयोजनको लागि सम्पर्क व्यक्ति (प्रबन्ध निर्देशक / प्रमुख कार्यकारी अधिकृत बाहेक भएमा मात्र।)

	पहिलो	वीचको	थर
नाम			
पद			
टेलिफोन			
फ्याक्स् *		ई- मेल*	

९. मू.अ.क. दर्ता

क) के तपाई स्वइच्छाले दर्ता गर्नु चाहनु भएको हो ? ☐ हो ☐ होइन दर्ता लागू हुने मिति | | |

ख) मू.अ.क. सम्पर्क व्यक्ति (यदि माथि नं ७ मा उल्लेख गरिएको व्यक्ति वाहेक भए मात्र उल्लेख गर्नु होस्)

	पहिलो	वीचको	थर
नाम			
पद			
टेलिफोन			
फ्याक्स् *		ई- मेल*	

१०. आयकर दर्ता नं. ११. मू.अ.क. करदाता दर्ता नं. १२. निवेदन मिति

१३. आवेदकको दस्तखत १४. संस्थाको छाप

क) दस्तखत गर्ने व्यक्तिको नाम

	पहिलो	वीचको	थर
नेपाली			
अंग्रेजी			

ख० पद

☐ निर्देशक ☐ कोष(संचालक (ट्रष्टी) ☐ कंपनी सचिव

☐ साझेदार ☐ अधिकार प्राप्त कर्मचारी ☐ अन्य))

१५. कार्यालय प्रयोजनको लागि मात्र

(आवेदकले भर्नु नपर्ने)

आयकर

आयकर छुट पाएको हो ?	☐ हो				
दर्ता लागू हुने मिति					
स्वीकृत गर्ने अधिकृत		मिति			
आन्तरिक राजश्व कार्यालय					
बिदेशीको हकमा धरौटी राखेको रकम					

मूल्यअभिबृद्धि कर

दर्ता लागू हुने मिति	
आन्तरिक राजश्व कार्यालय (एरिया कोड)	
मू.अ.क.विवरण दाखिला गर्ने समय	

अनुसूची–२*

(नियम ३ को उपनियम (३) संग सम्वन्धित)

नेपाल सरकार

आन्तरिक राजस्व विभाग

साझेदारीको पूर्ण बिवरण

* पाचौ संशोधनले खारेज ।

फोटो

अनुसूची–३*
(नियम ५ संग सम्वन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र

पान									
आन्तरिक राजस्व कार्यालय									

मिति			
मू.अ.क.दर्ता मिति			
	दिन	महिना	साल

करदाताको नाम

कारोवारको नाम

करदाताको प्रकार

ठेगाना

व्यवसाय कारोवारहरू

करदाताको दस्तखत

कर अधिकृतको दस्तखत

<u>अतिरिक्त कारोबारहरू</u>

	कारोबारको नाम	ठेगाना	सूरू मिति	कर अधिकृतको दस्तखत
१				
२				
३				
४				

* पाचौ संशोधनले संशोधन ।

अनुसूची - ४

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व बिभाग

कारोवार हस्तान्तरण फाराम

यस दरखास्त फारामको दुबै खण्ड भर्नु पर्नेछ

खण्ड १ नयाँ करदाताले भर्नु पर्ने

मैले/हामीले निम्नलिखित मितिमा चालु व्यवसायको रुपमा एउटा कारोवार मेरो/आफ्नो नियन्त्रणमा लिएको छु/छौं ।

मिति

कसबाट:

(साविक मालिकको नाम)

मूल्य अभिबृद्धि कर विवरण फाराम १ मैले/हामीले यसैसाथ संलग्न गरेको छु/गरेका छौं । पहिले नै जम्मा गरिसकेको छु/छौं ।

दरखास्त मन्जुर भएमा म/हामी निम्न लिखित कुरा गर्दछु/गर्दछौं :

- मूल्य अभिबृद्धि कर विवरणमा उल्लेखित सम्पूर्ण अवधि वापत तिर्नु पर्ने सबै मूल्य अभिबृद्धि कर सहित मेरो/हाम्रो पहिलो मूल्य अभिबृद्धि कर विवरण मूल्य अभिबृद्धि कर कार्यालयमा पेश गर्नेछु/गर्नेछौं ।
- साविकको मालिकले पेश गर्नु पर्ने तर नगरेका कुनै विवरण भए पेश गर्नेछु/गर्नेछौं ।
- व्यवसाय नामसारी हुनुअघि साविकको मालिकले गरेको आपूर्ति वापत तिर्नु पर्ने कुनै कर बाँकी भए सो लगायत उसले आफ्नो मौज्दात तथा सम्पति वापत तिर्नु पर्ने मूल्य अभिबृद्धि कर तिर्न मन्जुर गर्दछु/गर्दछौं ।
- नामसारी मितिपछि कुनै अवधि वापत साविकको मालिकको नाममा पेश गरिएको कुनै विवरण मैले/हामीले पेश गरेको मान्ने छु/छौं ।
- मूल्य अभिबृद्धि कर कार्यालयले दर्ता नम्बर दिनुअघि साविकको मालिकलाई भुक्तानी गरेको कुनै रकमले उक्त रकम माथि मेरो/हाम्रो कुनै अधिकार भए सो पुरा गरेको मान्ने छु/छौं ।

दस्तखत _____

_____

_____

(मालिक/साझेदार/संचालक/कम्पनी सचिव, प्रशासक)

मिति _____

खण्ड २ साविकको करदाताले भर्नु पर्ने

मैले/हामीले निम्नलिखित मितिमा चालू व्यवसायको रुपमा एउटा कारोवार हस्तान्तरण गरि दिएको छु/छौं ।

मिति

कसलाई

(नयाँ मालिकको नाम)

उक्त मिति पछि मलाई/हामीलाई दर्ता हुने दायित्व रहने छैन । म/हामी दर्ता हुन योग्य रहने छैन/छैनौं । म/हामी स्वेच्छाले दर्ताको लागि गरेको आफ्नो अनुरोध फिर्ता लिन्छु/लिन्छौं ।

यो दरखास्त मन्जुर गरिएमा म/हामी निम्न कुराको घोषण गर्दछु/गर्दछौं :

- दर्ता नम्बर नामसारी नगरिएको अवस्थामा मैले/हामीले दावी गर्न पाउने मैले/हामीले तिरेका कुनै कर रकम दावी गर्ने अधिकार नयाँ मालिकलाई हुनेछ ।
- मूल्य अभिबृद्धि कर कार्यालयले नयाँ मालिकलाई गरेको कुनै भुक्तानीले उक्त रकम माथि मेरो/हाम्रो कुनै अधिकार भए सो पुरा हुनेछ ।
- मैले/हामीले मूल्य अभिबृद्धि कर सहित निम्न बमोजिम मूल्यांकन गरिएका मौज्दात तथा सम्पति आफुसँगै राखिको छु/छौं ।

रु

नामसारीको मितिपछि मलाई/हामीलाई निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ :

_____

_____

_____

दस्तखत _____

_____

_____

(मालिक/साझेदार/संचालक/कम्पनी सचिव/प्रशासक)

मिति _____

अनुसूची - ५
(नियम १७ सँग सम्बन्धित)

कर विजकको ढाँचा

विजक नम्बर: कारोवार मिति: / /
विक्रेताको करदाता दर्ता नम्बर : विजक जारी भएको मिति: / /

विक्रेताको नाम :
ठेगाना :

क्रेताको नाम :
ठेगाना :

क्रेताको करदाता दर्ता नम्बर :

भूक्तानीको तरिका : नगद/चेक/उधारो/अन्य

सि.नं.	विवरण	परिमाण	प्रति इकाई मुल्य रू.	जम्मा मुल्य रू.
		..... प्रतिशतले छूट		
		कर लाग्ने मुल्य		
		..... प्रतिशतले कर		
		जम्मा		

[;] अनुसूची ५क
(नियम १७(३) संग सम्बन्धित)
कर विजकको ढाँचा

विजक नम्बर : ☐ ☐ ☐ ☐ ☐ कारोवार मिति : / /

विक्रेताको दर्ता नम्बर : ☐☐☐☐☐☐☐☐☐ विजक जारी भएको मिति : / /

विक्रेताको नाम :

ठेगाना :

क्रेताको नाम :

क्रेताको ठेगाना :

क्रेताको दर्ता नम्बर : ☐☐☐☐☐☐☐☐☐

भुक्तानीको तरीका : नगद/चेक/उधारो/अन्य

सिं. नं.	विवरण	परिमाण	प्रति इकाई मूल्य रु.	जम्मा मूल्य रु.
		कूल जम्मा		
		..... प्रतिशतले छुट		
		जम्मा		

विक्रेताको सही :
नाम र ठेगाना :

[;] दोस्रो संशोधनद्वारा थप ।

*अनुसूची ५क
(नियम १७(३) संग सम्बन्धित)
कर विजकको ढाँचा

विमक (कम्पनी) को नाम र ठेगाना : विजक नं.

विमकको स्थायी लेखा नम्बर : ☐☐☐☐☐☐☐☐☐ कर विजक :

बीमितको नाम :

विक्रेताको नाम :

ठेगाना :

बीमितको स्थायी लेखा नम्वर : ☐☐☐☐☐☐☐☐☐ जारी मिति :

अभिकर्ता :

क्रेताको ठेगाना : ☐☐☐☐☐☐☐☐☐

क्रेताको दर्ता नम्बर :

भुक्तानीको तरीका : नगद/चेक/उधारो/अन्य

सिं. नं.	विवरण			रकम रु.
	बीमालेख नं.	कभरनोट नं.		
	सम्पुष्टि नं.		बीमा शुल्क	
	बीमाङ्क रकम रु.	आतङ्ककारी कार्य,	हुलदङ्गा तथा तोडफोड	
	अवधि	देखि	नामसारी दस्तुर	
			टिकट दस्तुर	
			कर लाग्ने जम्मा मूल्य	
			% मू.अ.कर	
			कूल जम्मा	

निमित्त: कम्पनीको नाम

अधिकार प्राप्त दस्तखत

* आठौं संशोधनले संशोधन

÷अनुसूची – ५ख
(नियम १७ को उपनियम (१क) सँग सम्बन्धित)

कर विजकको ढाँचा

विजक नम्बर

विक्रेताको नाम : कारोवार मिति: / /

ठेगाना : विजक जारी गरेको मिति: / /

फोन नं.:- ईमेल:-

फ्याक्स नं. :- वेव साइट:-

विक्रेताको करदाता दर्ता नम्बर (PAN):

क्रेताको नाम :

ठेगाना :

क्रेताको करदाता दर्ता नम्बर (कर दर्ता नम्बर भएमा):

भुक्तानीको तरीका : नगद/चेक/उधारो

सि.नं.	विवरण	परिमाण	प्रति इकाई अन्तिम उपभोक्ता मूल्य रू.	जम्मा रकम रू.
		जम्मा रकम		
		मू.अ.कर ... प्रतिशत		
		छूट		
		खुद रकम		

विक्रेताको सही

÷ नवौं संशोधनवाट थपिएको ।

अनुसूची - ६
(नियम १८ सँग सम्बन्धित)

संक्षिप्त कर विजकको ढाँचा

मिति : .....

विजक नम्बर :
विक्रेताको नाम :
ठेगाना :

करदाता दर्ता नंवर

करको दर (प्रतिशत) :

सि.नं.	विवरण	परिमाण	मुल्य प्रति ईकाई	जम्मा मुल्य
			छूट	
			जम्मा मुल्य	

नोटः पांच सय रूपैया भन्दा बढी कर लाग्ने मुल्यको वस्तू वा सेवाको बिक्रीमा यो विजक जारी गरीने छैन ।

.....
विक्रेताको सही
नाम र ठेगाना

अनुसूची - ७

(नियम २३ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

मूल्य अभिवृद्धि कर लेखा

खरिद/आयात					विक्री/निर्यात				
मिति	विवरण	खरीद	करको दर	कर रकम	मिति	विवरण	विक्री	करको दर	कर रकम

यो लेखा प्रत्येक महिना तयार गरी आफैसँग राख्नू पर्नेछ ।

अनुसूची - ८

(नियम २३ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

खरीद खाता

करदाता दर्ता नम्बर

खरीद भएको अवधि : महिना ..... साल .....

विजक				जम्मा खरीद मूल्य	कर छूटको खरीद मूल्य	कर योग्य खरीद		कर योग्य पैठारी	
मिति	विजक नम्बर	आपूर्तिकर्ताको नाम	आपूर्तिकर्ताको नम्बर			मूल्य	कर (रु.)	मूल्य	कर (रु.)
कूल जम्मा									

अनुसूची - ९

(नियम २३ को उपनियम (१) को खण्ड (छ) सँग सम्बन्धित)

बिक्री खाता

करदाता दर्ता नम्बर

विक्री भएको अवधि : महिना ..... साल .....

विजक				जम्मा विक्री	कर छूटको विक्री	शून्य दरमा विक्री -निर्यात)	कर योग्य विक्री	
मिति	विजक नम्बर	खरिदकर्ता	खरीदकर्ताको दर्ता नं.				मूल्य	कर
कूल जम्मा								

अनुसूची - १०

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व बिभाग

मूल्य अभिवृद्धि कर विवरण फाराम

वर्ष : _____ महिना	१	२	३	४	५	६	७	८	९	१०	११	१२
चौमासिक	प्र.	दो.	ते.	जुन महिनाको हो त्यसमा (✔)चिन्ह लगाउनुहोस								

करदाता दर्ता नम्वर | | | | | | | | | |

नाम _____

ठेगाना _____

यदि यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस । रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरि विवरण भर्नुहोला ।

	कारोवार मूल्य	खरिदमा तिरेको कर क्रेडिट	विक्रीमा संकलन गरेको कर डेविट
१. विक्री			
१.१. कर लाग्ने विक्री			
१.२ निकासी			
१.३. छुट विक्री			
२. खरिद /पैठारी			
२.१. कर लाग्ने खरिद			
२.२. कर लाग्ने पैठारी			
२.३. छुट खरिद			
२.४. छुट पैठारी			
३. अन्य			
३.१. अन्य थपघट			
४. जम्मा			

५. डेविट-क्रेडिट (+ वा -) _____ _____

६. गत महिनाको मिलन गर्न बाँकी क्रेडिट

_____

७. कुल तिर्नु पर्ने कर रु.(५-६) (+ वा -) _____

८. कर फिर्ता माग गरिएको रकम _____

☐ ☐

९. छ महिना सम्म मिलान गर्दा पनि मिलान नभएको वा नियमित निर्यात कर्ताको आधारमा कर फिर्ता माग गरिएको अवस्थामा

(कुनै एकमा चिन्ह लगाउनुहोस)

म, _____(पुरा नाम) यस कर विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पुरा भएको व्यहोरा प्रमाणित गर्दछु ।

मिति :_____

हस्ताक्षर : _____ पद : _____

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर दर्ता

मिति ____ /____ /____ _____

अधिकृत

अनुसूची - ११

(नियम १२ सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व बिभाग

मूल्य अभिवृद्धि कर विवरण फाराम

(करयोग्य कारोवार / कारोवार वन्द गर्ने अवस्थामा भर्ने)

वर्ष : _____ महिना	१	२	३	४	५	६	७	८	९	१०	११	१२
चौमासिक	प्र.	दो.	ते.	जुन महिनाको हो त्यसमा (✔)चिन्ह लगाउनुहोस								

करदाता दर्ता नम्वर | | | | | | | | | |

नाम _____

ठेगाना _____

यदि यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस । रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरि विवरण भर्नुहोला ।

	कारोवार मूल्य	खरिदमा तिरेको कर क्रेडिट	विक्रीमा संकलन गरेको कर डेविट
१. विक्री			
१.१. कर लाग्ने विक्री			
१.२ निकासी			
१.३. छुट विक्री			
२. खरिद /पैठारी			
२.१. कर लाग्ने खरिद			
२.२. कर लाग्ने पैठारी			
२.३. छुट खरिद			
२.४. छुट पैठारी			
३. अन्य			
३.१. अन्य थपघट			
३.२. कर कट्टी दावी गरिसकेको स्टक			
४. जम्मा			

५. डेविट-क्रेडिट (+ वा -) _____

_____

६. गत महिनाको मिलान गर्न वाँकी क्रेडिट

_____

७. कुल तिर्नु पर्ने कर रु.(५-६) (+ वा -) _____

_____

८. कर फिर्ता माग गरिएको रकम

_____

म, _____(पुरा नाम) यस कर विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पुरा भएको व्यहोरा प्रमाणित गर्दछु ।

मिति :_____

हस्ताक्षर : _____ पद : _____

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर दर्ता
मिति ___ /___ /___

_____
अधिकृत

अनुसूची - १२(क)

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

प्रारम्भिक कर निर्धारण आदेश

मिति : / /

श्री ... ...

१) करदाताको नाम _____

२) करदाताको ठेगाना _____

_____

३) करदाताको दर्ता नम्बर | | | | | | | | | |

४) कर निर्धारण- भएको अवधि .....

५) कर निर्धारण- गर्ने ऐनको दफा ..... तथा नियमावलीको नियम ..... सँग सम्बन्धित ।

निम्नानूसारको कर रकम रू. ..... (अक्ष-रेपी..... मात्र) तिर्नू नपर्ने अथवा परिवर्तन गर्नू पर्ने कूनै ठोस प्रमाण भए यो पत्र प्राप्त गर्नू भएको पन्ध्र दिनभित्र कर अधिकृत समक्ष पेश गर्नू होला । अन्यथा यो आदेश प्र-प्त गर्नू भएको पन्ध्र दिनभित्र श्री ५ को सरकारको सर्वसङ्चित कोषमा दाखिला हूने गरी ..... स्थित ..... बैंकरनगद दाखिला गर्नू होला ।

कर निर्धारण गर्नु पर्ने कारणहरू

१. म्याद भित्र कर विवरण दाखिला नगरेकोले
२. अधूरो वा त्रूटिपुर्ण कर विवरण पेश गरेकोले
३. झूठा कर विवरण पेश गरेकोले
४. अन्य_____

६. मिति ..... सम्मको व्याज र जरिवाना गणना गरिएको छ ।

_____

कर अधिकृत

कर अवधि

क्र.सं.	मा/चौ	कर अवधि	वर्ष	कर निर्धारण भएको रकम	जरिवाना	थप दस्तुर	व्याज	जम्मा
१								

२								
३								
४								
५								
			जम्मा					

नोट :कृपया ऋणात्मक अंक भएमा कोष्ठ भित्र रकम उल्लेख गर्नुहोला ।

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर प्रविष्टि

मिति : / /

अधिकृतको दस्तखत

अनुसूची - १२ (ख)

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

अन्तिम कर निर्धारण आदेश

जारी मिति : / /

श्री ... ...

१) करदाताको नाम _____

२) करदाताको ठेगाना _____

_____

३) करदाताको दर्ता नम्बर | | | | | | | | | |

४) कर निर्धारण- भएको अवधि .....

५) कर निर्धारण- गर्ने ऐनको दफा ..... तथा नियमावलीको नियम ..... सँग सम्बन्धित ।

तपाईले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरूसमेतको मुल्यांकन गर्दा निम्नानूसारको कर रकम रू. ..... (अक्ष-रेपी.....) मात्र तिर्नू पर्ने देखिन आएको छ । उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र श्री ५ को सरकारको सर्वसङ्चित कोषमा दाखिला हूने गरी ..... स्थित ..... बैंकरनगद दाखिला गर्नू होला । यो आदेश जारी भएको मितिले १५ दिन भित्र कर नबूझाएमा जरीवाना, थप दस्तूर तथा ब्याज लाग्ने ब्यहोरा सुचित गरिन्छ । यो आदेशमा चित्त नवूझे ऐन वमोजिम पूनरावेदन दिन सकिने कूरा जानकारी गराइन्छ ।

कर निर्धारण गर्नु पर्ने कारणहरू

१. म्याद भित्र कर विवरण दाखिला नगरेकोले

२. अधूरो वा त्रूटिपुर्ण कर विवरण पेश गरेकोले

३. झूठा कर विवरण पेश गरेकोले

४. अन्य_____

६. मिति ..... सम्मको व्याज र जरिवाना गणना गरिएको छ ।

_____

कर अधिकृत

कर अवधि

क्र.सं.	मा/चौ	कर अवधि	वर्ष	कर निर्धारण भएको रकम	जरिवाना	थप दस्तुर	व्याज	जम्मा
१								
२								
३								
४								
			जम्मा					

नोट :कृपया ऋणात्मक अंक भएमा कोष्ठ भित्र रकम उल्लेख गर्नुहोला ।

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर प्रविष्टि

मिति : _____/_____/_____

_____

अधिकृतको दस्तखत

अनुसूची - १२ (ग)

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

विशेष आदेश

आदेश जारी मिति : / /

श्री .....

..... ।

१) करदाताको नाम _____

२) करदाताको ठेगाना _____

_____

३) करदाताको दर्ता नम्बर | | | | | | | | | |

४) जरिवाना निर्धारण– भएको अवधि .....

५) जरिवाना निर्धारण– गर्ने ऐनको दफा ..... तथा नियमावलीको नियम ..... सँग सम्बन्धित

जरिवाना गर्नू पर्ने कारण

_____

_____

६) जरिवाना रकम .....

तपाईले यो आदेश जारी भएको मितिले सात दिन भित्र श्री ५ को सरकारको सर्वसङ्चित कोषमा दाखिला हूने गरी जरिवाना रकम रू. ..... (अक्ष–रेपी .... मात्र) ..... स्थित ..... बैंक र नगद दाखिला गर्नू होला । अन्यथा यो आदेशमा चित्त नवूझे ऐन वमोजिम पूनरावेदन दिन सकिने कूरा जानकारी गराइन्छ ।

_____

कर अधिकृत

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर प्रविष्टि

मिति : _____/_____/_____

_____

अधिकृतको दस्तखत

अनूसुचि १२(घ)

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व बिभाग

पुनरावेदनको सूचना

मिति :

पुनरावेदन दर्ता नं. | | | | | | | | |

का.कोड.....वर्ष..... क्रम नं.....

श्रीमान.....

आन्तरिक राजस्व कार्यालय,
..... ।

म/हामीले महानिर्देशक समक्ष /राजश्व न्यायधिकरणमा पूनरावेदनको निवेदन दर्ता गरेको हूंदा निम्न रकम निलम्वन गरिदिन हून अनुरोध छ ।

करदाताको नाम _____

करदताको ठेगाना : _____

_____

मू.अ.क.दर्ता नं. | | | | | | | | | |

राजश्व न्यायधिकरण / मु.अ.क विभाग दर्ता नं. :.....

आदेश नं.: ..... आदेश मिति :.....

कर अवधि

क्र.सं.	मा./चौ	अवधि	वर्ष	पुनरावेदन	पुनरावेदन गरिएको रकम
१					
२					
३					
४					
				कुल जम्मा	

दस्तखत: .....

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर प्रविष्टि

मिति : _____/_____/_____

_____

अधिकृतको दस्तखत

अनूसुचि १२(ञ)

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

पुनरावेदन समाप्तीको सुचना

मिति :

पुनरावेदन दर्ता नं. | | | | | | | | |

का.कोड..... वर्ष..... क्रम नं.....

करदाताको नाम _____

करदताको ठेगाना : _____

_____

मू.अ.क.दर्ता नं. | | | | | | | | | |

राजश्व न्यायधिकरण / आन्तरिक राजस्व विभाग दर्ता नं. : _____

निर्णय नं. :_____ निर्णय मिति :_____

कर अवधि

क्र.सं.	मा./चौ	अवधि	वर्ष	पुनरावेदन गरिएको रकम	निर्णयमा ठहर गरिएको रकम
१।					
२					
३					
४					
५					
६					
				कुल जम्मा	

दस्तखत:_____

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्यूटर प्रविष्टि

मिति : / /

_____

अधिकृतको दस्तखत

अनुसूची - १३
(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

काबु वाहिरको परिस्थितिमा दुस्तूर मिन्हा सम्बन्धी निवेदन

करदाता दर्ता नंवर | | | | | | | | | |

श्री कर अधिकृतज्यु,
आन्तरिक राजस्व कार्यालय,
..... ।

मुल्य अभिवृद्धि कर ऐनको दफा १९ को उपदफा (४) तथा मुल्य अभिबृद्धि कर नियमावली, २०५३ वमोजिम देहायको मेरा कावू वाहिरको अवस्था परेकोले म्याद भित्र निवेदन दिन आएको छू ।

१) मेरो ..... नाता पर्ने श्री र श्रीमती ..... को मिति ..... मा मृत्यु भएको हूंदा क्रिया वस्नू परेकोले ।
२) म ..... सूत्केरी भएकोले
३) मेरो ..... नाता पर्ने कर वूझाउनू पर्ने व्यक्ति श्री/श्रीमती/सूश्री ..... मरेको र वौलाहा भएको र वेपत्ता भएकोले
४) कार्यालयमा आउदा खोला र पहिरो र हिऊ र ..... प्राकृतिक काराणले बाटो वन्द भई आउन नसकेकोले ।
५) यातायातको साधन ..... कारण–ले पुर्ण रूपमा वन्द भएकोले ।

<u>निवेदन दिनू पर्ने हदम्याद :</u>

१) दफा १ वा ३ वा ४ को हकमा सात दिन ।
२) दफा २ को हकमा पैतीस दिन भित्र ।
३) दफा ५ को हकमा भोलि पल्ट ।

निवेदकको दस्तखत　　मिति

अनुसूची-१४ र १५

नेपाल राजपत्र भाग ३ (खण्ड ५०) मिति २०५७।०४।०१ द्वारा खारेज

अनुसूची-१६
(नियम ४३ को उपनियम (१) संग सम्वन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

कर कट्टीको फारम

करदाता दर्ता नं.

(दर्ता मितिमा मौज्दातमा रहेको करयोग्य वस्तुको मूल्य अविभृद्धिकर तथा मौज्दातमा रहेको विक्रीकर फिर्ता/कट्टी पाउन दाबी गर्ने दरखास्त)

श्री कर अधिकृतज्यू,
आन्तरिक राजस्व कार्यालय, ...।

कारोवारको नाम : .....
ठेगाना:
घर नं.
वार्ड नं. टेलिफोन
टोल फ्याक्स
महा/उप/न.पा./गा.वि.स. इमेल
जिल्ला पोष्ट बक्स

(१) मैले मूल्य अवभिवृद्धि करमा दर्ता भएको मितिले ठीक एक वर्ष पहिले गरिएको खरीद/पैठारी मध्ये वांकी रहेको मौज्दात मात्र समावेश गरेको छु।

(२) मैले निम्न कागजात संलग्न गरेको छु।
- (क) भंसारको प्रज्ञापन पत्र, नगदी रसीदको प्रतिलिपि र विजक।
- (ख) विक्रीकर प्रयोजनको लागि विक्रेतामा दर्ता भएका करदातासंग गरेको खरीदको कर विजक।
- (ग) मुलय अभिवृछि कर प्रयोजनको लागि दर्ता भएका करदातासंग गरेको खरीदको कर विजक।

(३) मौज्दात सामानको विवरण (आवश्यक परे अर्को पाना थप्नु होला) :

सि.नं.	सामानको विवरण	परिमाण	दर	मूल्य	तिरको विक्री कर	विजक नं.	पज्ञापन पत्र नं.	कैफियत
	जम्मा							

(४) सबभन्दा पछिल्लो मास्केवारी अनुसार करकट्टी वा फिर्ता हुन वांकी रहेको विक्रीकर (प्रमाण संलग्न गरेको छु)।

म _____ आफ्नो साथमा _____ का
(नाम) (दर्ता मिति)

दिनसम्ममा _____ मा भएका कर लाग्ने सामानमा वुझाईसकेको मूल्य अभिवृद्धि कर तथा सामान भएको ठाउँ

मौज्दातमा तिरको विक्रीकर वापतको रु._____ (अक्षेरेपी _____ मात्र)

कर कट्टी गर्न पाउनका निमित्त नियमानुसार यो दावी प्रस्तुत गर्दछु। प्रस्तुत व्यहोरा ठीक सांचो छ।

_____ दावी गर्नेका सही	_____ कारोवासंगको सम्वन्ध	____ मिति

कार्यालयको प्रयोजनको लागि मात्र

आन्तरिक राजस्व कार्यालय _____ मिति : .....

प्रमाणका आधारमा करकट्टी गर्न स्वीकृत भएको मुल्य अभिवृद्धि कर/विक्रीकर रु. _____ _____ जाँच गर्ने अधिकृत	जाँचवुझ गरी स्वीकृत गर्ने _____ कर अधिकृत मितिः

अनुसूची - १७
(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

कुटनीतिज्ञले तिरेको कर फिर्ता माग गर्ने सम्बन्धी विवरण

१. तल उल्लेखित वस्तूहरू यस ..... राजदूतावासको कूटनितिज्ञले खरीद गरेका हून् । दफा ३ मा उल्लेखित रकम फिर्ता दिन अनूरोध गरिन्छ ।

२. कर फिर्ता दावि गरेको अवधि ..... देखि ..... सम्म ।

३. खरीदको विवरण

खरीदकर्ताको नाम	खरीद गरिएको वस्तू/सेवा	विजक मुल्य	विजक नम्बर	तिरेको मुल्य अभिबृद्धि कर
जम्मा				

माथि उल्लेखित वस्तू तथा सेवाहरू ..... राजदूतावासको कूटनीतिज्ञले खरीद गरेको वा निजलाई आपुर्ति गरिएको व्यहोरा प्रमाणित गर्दछू र रू..... (अक्षरेपी .....को) फिर्ता हस्ताक्षरकर्ता/..... लाई दिन अनूरोध
गर्दछू । हस्ताक्षरकर्ता/..... लाई दिईने भूक्तानी मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २५ (१) (क) अनूसार हूने कूरा म मङजूर गर्दछू ।

कार्यालय प्रयोजनको लागी मात्र

कर फिर्ता गरीएको रकम रू. चेकको मिति
निर्णय कर्ता निर्णय मिति
बैक खाता नम्वर चेक जारी गरिएको बैंक

भूक्तानी महिना_____वर्ष_____ कर अधिकृतको दस्तखत

अनुसूची - १८

(नियम ४५ को उपनियम (३) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व बिभाग

कर फिर्ता फाराम

(द्विपक्षीय/ वहुपक्षीयसम्झौता/विदेशी संघ संस्था अन्तर्गत संचालित आयोजनाको लागि)

१. फिर्ता माग गरिएको अवधि_____देखि_____सम्म

२. संगठनको विवरण

(क) संस्था/आयोजना संचालकको नाम

(ख) ठेगाना

(ग) संस्था /सहयोग/ ञ्णको उद्देश्य — यदि आवश्यक भएमा

(घ) सम्झौता मिति — यदि आवश्यक भएमा

(ञ) समाप्त हूने मिति

(च.) खरिद भएको सामानको कूल रकम / सम्झौता बमोजिम प्राप्त हूने कूल रकम

(छ) अर्थ मन्त्रालयबाट सहमती प्राप्त मिति — यदि आवश्यक भएमा

(ज) सम्झौताको प्रति संलग्न छ(

(झ) सहयोग । ञ्ण नम्वर — यदि आवश्यक भएमा

३. ठेकेदार

(क) योजना संग सम्झौता भएको ठेकेदार । व्यवस्थापनको नाम । ठेगाना :

(ख) ठेक्का नम्बर

(ग) ठेक्का शूरू हूने मिति

(घ) ठेक्का समाप्त हूने मिति

(ञ) करदाता दर्ता नम्बर

(ठेकेदार संगको शर्तको कपि संलग्न गर्ने)

४. मालसामान खरिदकर्ताको नाम

५. आपुर्तिकर्ताको नाम

६. वस्तु र सेवाहरूको विवरण

खरिद गरिएका वस्तु र सेवाहरू	करदाता दर्ता नं.	विजक नं.	विजक मुल्य	तिरेको मू.अ.क.रकम

जम्मा				

आवश्यकता अनुसार पाना थप गर्न सकिनेछ ।

७. सम्झौताको कून दफाबाट मुल्य अभिवृद्धि कर फिर्ता हूने

८. यो फर्म भर्नू भन्दा पहिले खरिद गरेका सामानहरूमा मुल्य अभिवृद्धि कर फिर्ता भएको भए

सि.नं.	संस्थाको नाम	सामानको विवरण	परिमाण	मुल्य

उपरोक्त व्यहोरा ठीक सांचो हो । उक्त सामानहरू अन्य व्यक्तिलाई प्रयोग वा हस्तान्तरण गर्नू भन्दा पुर्व आन्तरिक राजस्व कार्यालयको स्वीकृति लिनू पर्नेछ ।

विवरण भर्ने ठेकेदारको नाम

सहि

योजनाको तर्फबाट प्रमाणित गर्नेको नाम

सहि

कार्यालयको नाम, ठेगाना :

कार्यालय प्रयोजनको लागी मात्र

कर फिर्ता गरीएको रकम रू.

चेकको मिति

निर्णय कर्ता

निर्णय मिति

बैक खाता नम्वर

चेक जारी गरिएको बैंक

भूक्तानी महिना_____बर्ष_____.

कर अधिक्तको दस्तखत

अनुसुची -१९

नेपाल राजपत्र भाग ३ (खण्ड ५०) मिति २०५७०४।०१ द्वारा खारेज

अनुसूची - २०
(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग

कब्जा गर्ने अधिकार पत्रको नमूना

श्री.....

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २१ तथा मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ५२ द्वारा आन्तरिक राजस्व विभागको महा-निर्देशकको हैसियतले म ..... लाई प्राप्त अधिकार प्रयोग गरी म तपाईलाई ..... बस्ने मूल्य अधिबृद्धि करदाता श्री ..... बाट कर/जरिवाना/ब्याज वापत रु..... संकलन गर्न तथा उठाउन यस दस्तावेजद्वारा अधिकार प्रदान गर्दछु ।

उक्त करदाताको अधिकार वा निजको स्वामित्वमा रहेको सम्पति जहाँ भएता पनि र उसको स्वामित्वमा रहेको वा उसले भोग चलन गरेको कुनै सम्पति वा जग्गा जमीनमा वा उसको तर्फबाट उसको नासोको रुपमा अन्य व्यक्तिले राखेको त्यस्ता सम्पति वा जग्गा जमीनमा र नेपाल अधिराज्य भित्र करयोग्य सरसामानहरुको उत्पादन तथा विक्री वितरण कार्यमा प्रयोग गरिएका सबै वस्तुहरु उक्त रकमका त्यस्ता वस्तु वा सम्पति राख्न र बेच विखन गर्न तथा सो सम्बन्धी कार्यमा भैपरि आएका अन्य खर्च तथा दस्तुर सहित उठाउन पर्याप्त हुने गरी आवश्यक भए आफ्ना सहायकहरुको सहायता समेत लिई तुरुन्त कब्जा गरी उक्त रकम असुल गर्न समेत तपाईलाई अधिकार प्रदान गर्दछु ।

कब्जा गर्ने कार्य सम्पन्न गर्नको लागि दिनको सूर्योदयदेखि सूर्यास्तसम्मको कुनै समय कुनै घर वा स्थान बलजफ्ती खोल्नको लागि कुनै प्रहरी अधिकृतको सहयोग लिने अधिकार पनि यसै मार्फत तपाईंलाई प्रदान गरिएको छ ।

यो अधिकार पत्र मैले ..... (मिति) का दिन ..... बजे हस्ताक्षर गरी दिएको छु ।

महा-निर्देशक
आन्तरिक राजस्व विभाग

अनुसूची - २१
(नियम ६० सँग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग

कर अधिकृतको परिचय पत्र

नाम :

दर्जा :

परिचय पत्र नं. :

कर अधिकृतको फोटो

महानिर्देशकको हस्ताक्षर